पुष्करलालद्वारा प्रतिष्ठापित
# नेपाल समाचारपत्र
राष्ट्रिय दैनिक
newsofnepal.com
आइतबार, कात्तिक २, २०८२ | Sunday, October 19, 2025 | नेसं ११४५, कौलागा १३ | वर्ष ३०, अंक २३७ | पृष्ठ ८+२ | मूल्य रु १०/–



**फूलैफूलको चाडको उमंग** : नेपालीको दोस्रो ठूलो पर्व तिहार नजिकिएसँगै भक्तपुरको सूर्यविनायक नगरपालिका-७ गुण्डुमा किसानहरू मखमली फूल र माला गाँस्न व्यस्त देखिएका छन्। गुण्डुका प्राय: सबै किसानका बारी यतिखेर मखमली फूलले ढकिढकाउ भएका छन् भने घरघरमा माला गाँस्न किसानहरू व्यस्त छन्। *तस्बीर : अनिल आङदेम्बे*

## २३ गतेको आन्दोलनमा भन्दा २४ गतेको आगजनीमा मर्नेको संख्या दोब्बर

### मृत्यु हुनेमा ४१ जना लुटपाट र ठगीमा संलग्न

**नेपाल समाचारपत्र, काठमाडौं**

गत भदौ २३ र २४ गते देशभर फैलिएको जेन-जी आन्दोलनका क्रममा ज्यान गुमाएका ७६ जनामध्ये ४१ जना आन्दोलनकारी नभएका नेपाली सेनाले पुष्टि गरेको छ। २३ गते जेन-जी आन्दोलनको क्रममा काठमाडौंमा १९ र इटहरीमा २ गरी २१ जना आन्दोलनकारी मारिएका थिए भने त्यसको झण्डै दोब्बर संख्यामा भोलिपल्ट ठगी, आगजनी र लुटपाटमा संलग्नका भएकाहरूको मृत्यु भएको थियो।

सेनाले शुक्रबार गरेको पत्रकार सम्मेलनमा नेपाली सेनाका युद्ध कार्य निर्देशक अनुपजंग थापाले लुटपाट, ठगी र आगलागीमा संलग्न रहेको अवस्थामा ४१ जनाले ज्यान गुमाएको बताउनुभएको हो।

पत्रकार सम्मेलनमा सेनाले ती व्यक्तिहरू आन्दोलनमा भीडभाडको मौका छोपेर व्यापारिक प्रतिष्ठान र सार्वजनिक सम्पत्तिमा लुटपाट मच्चाउँदा आगोमा परेर वा अन्य कारणले मृत्यु भएको बताएको छ।

सेनाका अनुसार बाँकी ३५ जनामध्ये केही जेलबाट भाग्ने क्रममा सुरक्षाकर्मीको गोली लागेर र केही प्रत्यक्ष भिडन्तमा परी मारिएका हुन्। सेनाले ती मृत्युहरू कुन स्थानमा र कसरी भए भन्नेबारे थप विवरण भने सार्वजनिक गरेको छैन।

सेनाको प्रतिवेदनअनुसार, आन्दोलनका क्रममा देशभर ४ सय ८४ स्थानमा प्रदर्शन, तोडफोड र आगलागीका घटना भएका थिए। ती घटनामा २२ जना प्रदर्शनकारी, ३ जना प्रहरी, १० जना कैदीबन्दी र ४१ जना लुटपाटका क्रममा आगोमा जलेर वा अन्य कारणले मरेका थिए।

सेनाले देशभर करिब ६ सय ८८ वटा सरकारी कार्यालय र भौतिक संरचना क्षतिग्रस्त भएको र १५ हजार ५ सय ८८ जना कैदीबन्दी फरार भएको जनाएको छ। तीमध्ये हालसम्म पक्राउ परेका वा स्वेच्छाले आत्मसमर्पण गरेकाको संख्या १० हजार ६ सयभन्दा बढी पुगेको छ।

जेन-जीको नाममा भएको घटनाक्रममा अन्य सुरक्षा निकायको करिब ९ सय ७८ थान हतियारहरूमध्ये हालसम्म ५ सय ८६ थान हतियार फेला परेका र बुझाइएका छन्। तीमध्ये नेपाली सेनाले उपत्यकाभित्र फेला पारेका २ सय ७४ थान हतियार नेपाल प्रहरीलाई र १२ थान हतियार सशस्त्र प्रहरी बल नेपाललाई बुझाइसकेको पनि सेनाले जनाएको छ।

उपत्यका बाहिरबाट समेत नेपाली सेनाले फेला पारेका ७९ थान हतियार नेपाल प्रहरीलाई बुझाइसकेको छ। थप ६५ थान हतियार पनि नेपाल प्रहरीलाई बुझाउने प्रक्रिया जारी रहेको सेनाले जनाएको छ। बरामद हतियारहरू विभिन्न स्थानमा भएको भिडन्त, तोडफोड र अराजक गतिविधिका क्रममा प्रयोग भएका थिए भन्ने प्रारम्भिक अनुमान गरिएको छ।

**जेन-जी आन्दोलनमा मृत्यु हुनेहरूको विवरण**

| | |
|---|---|
| प्रदर्शनकारी | २२ |
| प्रहरी | ३ |
| कैदीबन्दी | १० |
| ठगी, लुटपाट र आगजनीमा संलग्न | ४१ |

जेन-जी आन्दोलनका क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आक्रमण गर्ने उद्देश्यका साथ भेला भएका करिब दुई हजार प्रदर्शनकारीहरू भगाएर सुरक्षाकर्मीहरूले विमानस्थललाई जोगाएको दाबी पनि सेनाले गरेको छ।

नेपालको रणनीतिक महत्व बोकेको यो एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलमा तोडफोड तथा भीड प्रवेशको जोखिम बढेपछि सुरक्षाका दृष्टिले तत्काल कडाइ गरिएको थियो। विभिन्न स्थानबाट विमानस्थलभित्र प्रवेश गर्ने प्रयास भइरहे पनि सुरक्षाकर्मीहरूको सतर्कताका कारण कुनै ठूलो क्षति हुन नपाएको सेनाले दाबी गरेको छ।

विमानस्थलमा सम्भावित अवरोधका कारण केही समय अन्तर्राष्ट्रिय उडान प्रभावित भए पनि भदौ २५ गतेदेखि विमानस्थल पूर्णरूपमा सुचारु गरिएको जनाइएको छ। यस्तै, विमानस्थलमा रहेका विदेशी पर्यटकहरूको सुरक्षा सुनिश्चित गरिएको र कूटनीतिक नियोगहरू तथा विदेशी नागरिकलाई समेत सुरक्षाका हिसाबले विशेष ध्यान दिइएको जनाइएको छ। यस घटनाले अन्तर्राष्ट्रिय जगत्मा सकारात्मक सन्देश जानुका साथै नेपालको सुरक्षा संयन्त्रको तत्परताको पनि प्रमाण दिएको सेनाले दाबी गरेको छ।

सेनाका अनुसार, भदौ २३ गते नै काठमाडौंको नयाँ बानेश्वर र इटहरीमा कर्फ्यु लगाइएको भए पनि सुरक्षाको लागि तत्काल सेना परिचालन गरिएको थिएन। भदौ २४ गते राति १० बजेबाट मात्र सेना सक्रिय रूपमा परिचालन गरिएको हो।

भदौ २५ देखि २८ गतेसम्म सेनाले देशभर २४ हजारभन्दा बढी सैनिक फौज परिचालन गरी शान्ति-सुरक्षा कायम गरेको थियो। सेनाले प्रहरी र सशस्त्र प्रहरीको संयोजनमा आगलागी नियन्त्रण, कैदी नियन्त्रण, संवेदनशील स्थल र भवनहरूको सुरक्षा तथा उद्धार कार्य सञ्चालन गरेको जनाएको छ।

सेनाले अत्यन्त जटिल परिस्थितिमा पनि ६ देखि ८ घण्टामै देशभरको अराजक अवस्था नियन्त्रणमा ल्याएको दाबी गरेको छ। सेनाका अनुसार, ११ वटा दमकल, ३२ वटा ठूला सवारी साधन, २ सय १५ वटा दुईपांग्रे सवारी साधन सडकबाट हटाइएका थिए।

सेनाको सहभागितामा २५ स्थानमा आगलागी नियन्त्रण, ६२ कारागारमा सुरक्षा व्यवस्था, र ४१ स्थानमा सुरक्षा फौज फिर्ता गरिएको जनाएको छ।

त्यस्तै, सिंहदरबारमा भएको आगलागी नियन्त्रणमा सेनाको पहल निर्णायक भएको बताइएको छ। सेनाको फौज र प्रहरीको संयुक्त प्रयासमा रक्षा, अर्थ र राष्ट्रिय सुरक्षा परिषद्को डाटासेन्टरहरू जोगाइएको सेनाको दावी थियो।

(क्रमश: पृष्ठ ७मा)

### निर्वाचनका बारेमा राष्ट्रपति र सरकारबीच छलफल

## निर्वाचन समयमा नै गराउन सुरक्षा प्रमुखहरू दृढ

**नेपाल समाचारपत्र, काठमाडौं**

राष्ट्रपति रामचन्द्र पौडेलले भयरहित वातावरणमा स्वतन्त्र, स्वच्छ र निष्पक्ष निर्वाचन हुने विश्वास राजनीतिक दल र आम नागरिकमा जगाउन सरकार र सुरक्षा निकायका प्रमुखहरूले सोहीअनुसार सशक्त भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औंल्याउनुभएको छ।

राष्ट्रपति भवन शीतल निवासमा शनिबार अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीसहित मन्त्रीहरू तथा चारवटै सुरक्षा निकायका प्रमुखहरूसँगको छलफलमा राष्ट्रपति पौडेलले त्यस्तो आवश्यकता औंल्याउनुभएको हो। राष्ट्रपति पौडेलले शान्ति-सुरक्षा कायम गर्न र भयरहित वातावरणमा निर्वाचन गराउन सुरक्षा निकायहरूले 'बोल्ड्ली' रूपमा प्रस्तुत हुन निर्देशन दिनुभयो। जबाफमा सुरक्षा निकायका सबै प्रमुखहरूले सरकारले तोकेको २१ फागुनमा निर्वाचन गराउन आफूहरू दृढ रहेको प्रतिबद्धता जनाए।

राष्ट्रपति पौडेलले भदौ २४ गते लुटिएका हतियार र फरार कैदीबन्दीहरूलाई अबिलम्ब फिर्ता गर्न पनि आग्रह गर्नुभयो। छलफलमा अन्तरिम सरकारकी प्रधानमन्त्री कार्कीले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा चुनाव गराउन सरकारले कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता जनाउनुभयो।

सुरक्षा निकायका प्रमुखहरूले शान्ति-सुरक्षा कायम गर्ने र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन सुरक्षा निकाय सक्षम रहेको राष्ट्रपति पौडेलसामु विश्वास दिलाएका थिए। उनीहरूले विगतमा अझ कठिन परिस्थितिमा पनि शान्तिपूर्वक निर्वाचन सम्पन्न गराएको स्मरण गराउँदै, यसपटक पनि सुरक्षा निकाय पूर्णरूपमा तयार रहेको बताए।

छलफलमा प्रधानमन्त्री कार्की, अर्थमन्त्रीबाहेक सबै मन्त्रीहरूका साथै प्रधानसेनापति अशोकराज सिग्देल, प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङ, सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक राजु अर्याल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख टेकेन्द्र कार्की सहभागी थिए।

## उज्यालोको पर्व तिहार सुरु

### आज कागतिहार

**नेपाल समाचारपत्र, काठमाडौं**

उज्यालोको पर्वका रूपमा लिइने चाड तिहारको यमपञ्चक शनिबारदेखि सुरु भएको छ। नेपालीहरुको दोस्रो ठूलो पर्वका रुपमा रहेको तिहार प्रत्येक वर्ष कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्म मनाइन्छ। यमपञ्चकको पहिलो दिन शनिबार धनतेरस अर्थात् धनत्रयोदशी पर्व मनाइयो।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अनुसार यमदीपदान पनि शनिबारदेखि नै सुरु भएको छ। समितिका सदस्य एवं धर्मशास्त्रविद् प्रा डा. देवमणि भट्टराईले आइतबार काग तिहार परेको जानकारी दिनुभयो।

यमपञ्चकका अवसरमा यमदीपदान गरे यमयातनाबाट मुक्ति पाइने विश्वास छ। धनवन्तरी जयन्ती पनि आइतबार परेको छ। तिथिको घटबढका कारण सोमबार कुकुर तिहार र लक्ष्मीपूजा एकै दिन परेको पनि समितिले जनाएको छ।

कात्तिक ३ गते दिउँसो २:५२ बजेसम्म चतुर्दशी र त्यसपछि औँसी तिथि लाग्ने भएकाले लक्ष्मीपूजा पनि यसै दिन रहेको छ। रातमा औँसी तिथि परेका दिन लक्ष्मीपूजा गर्ने शास्त्रीय विधि रहेको छ। यस वर्ष कात्तिक ४ गते मङ्गलबार औँसी तिथि दिउँसो ४:२९ बजेसम्म परेको छ। यस दिन तिहारका कुनै पनि पर्व परेको छैन। कात्तिक ४ गते यमपञ्चक अर्थात् तिहारको मध्य समय परे पनि शास्त्रले तोकेअनुसार कुनै कर्म परेको छैन।



## जेन-जी आन्दोलनपछि ओली पहिलोपटक पार्टी कार्यालय च्यासलमा

### सुरक्षा चुनौतीका कारण निर्वाचन नहुने दाबी

**नेपाल समाचारपत्र, काठमाडौं**

निवर्तमान प्रधानमन्त्री एवं नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक दलसँग संवाद नगरी निर्वाचनको वातावरण बन्न नसक्ने दाबी गर्नुभएको छ। उहाँले वर्तमान सरकारको राजनीतिक दलसँग संवाद गर्नै नचाहने रबैया र बढ्दो सुरक्षा चुनौतीका कारण देखाउँदै आगामी २१ फागुनमा निर्वाचन हुन नसक्ने ठोकुवा गर्नुभयो।

गत भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनपछि अध्यक्ष ओली पहिलो पटक पार्टी केन्द्रीय कार्यालयमा पुग्नुभएको हो। जेन-जी आन्दोलनका



क्रममा प्रधानमन्त्रीबाट अपदस्थ हुनुभएका उहाँलाई सेनाको हेलिकप्टरबाट भागेको आरोप लाग्दै आएको छ। आन्दोलनका क्रममा एमाले केन्द्रीय कार्यालय पनि जलेर क्षतिग्रस्त भएको थियो।

शनिबार पार्टी केन्द्रीय कार्यालय च्यासलमा आयोजित सम्पर्क समन्वय कमिटीको भेटघाट तथा चियापान कार्यक्रमलाई सम्बोधन गर्दै ओलीले प्रहरीका एक हजार २ सय हतियार र एक लाखभन्दा बढी गोली लुटिएर बाहिर रहेको तथा साढे पाँच हजार कैदी फरार रहेका अवस्थामा निर्वाचनमा जान कठिन हुने दाबी गर्नुभयो।

'जेन-जी भाइबहिनीले भ्रष्टाचारको अन्त्य र सुशासनका लागि राखेका माग जायज छन्, तर त्यसका नाममा हिंसा मच्चाउने तत्वले गरेका अराजक क्रियाकलापको हामी समर्थन गर्न सक्दैनौं।' ओलीले भन्नुभयो- ' समाजमा त्रासको वातावरण राखेर सरकार चलाउन वा निर्वाचन गराउनुहुँदैन। हामी लोकतान्त्रिक प्रणालीमा छौं। हाम्रो सुरक्षा र स्वतन्त्रताको रक्षा राज्यले गर्नुपर्छ। नागरिकले आफ्नो सुरक्षा आफैं गर्नुपर्ने अवस्था आउनुहुँदैन।'

उहाँले आफूहरू कुनै कमजोर शक्ति नभई लोकतन्त्रका लागि लडेर आएका दल भएको जिकिर गर्दै भन्नुभयो- 'हामी लोकतन्त्र र शान्ति सुव्यवस्थाको पुन:स्थापना गर्न लाग्नेछौं। त्यसका लागि एमाले सक्रिय रहनेछ।' एमाले अध्यक्ष ओलीले विघटित प्रतिनिधिसभाको पुन:स्थापना आफ्नो पार्टीको अडान भएको जनाउँदै पार्टीको नीतिमा स्पष्ट र ढुक्क भएर अघि बढ्न कार्यकर्तालाई निर्देशन पनि दिनुभयो।

## फिदिम नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
फिदिम, पाँचथर

**(प्रथम पटक सूचना प्रकाशित मिति :- २०८२/०७/०२)**

फिदिम नगरपालिकाको आ.व.२०८२/०८३ को नदीजन्य पदार्थ (ढुंगा, ग्रावेल, बालुवा) संकलन तथा बिक्री शुल्क ठेक्का बन्दोबस्ती गर्न बोलपत्र आह्वानको e-bidding सम्बन्धी विस्तृत सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको Website: www.bolpatra.gov.np/egp मा राखिएको छ। प्रचलित कानून बमोजिम दर्ता भएका फर्महरुबाट यो सूचना प्रकाशन भएको मितिले आवश्यक कागजात सहित ३१औं दिनको १२:०० बजे भित्र दाखिला गरी सक्नु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| ठेक्का नं. | ठेक्काको किसिम | उत्खनन योग्य परिमाण क्यू. मिटर | न्यूनतम वार्षिक ठेक्का अंक वार्षिक मु.अ.क. बाहेक | बोलपत्र दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| PM/SSA/NCB/G/2082/083-02 | दहत्तर बहत्तर (ढुंगा/गिटी/बालुवा ग्राभेल) संकलन शुल्क (तमोर नदी/हेवाखोला Upstream/हेवाखोला Downstream र फेमे खोलाघाट | ९६४० | २०,४२,६१९।६० | ३,०००।- | कबुल रकमको ३ प्रतिशत | २०८२ साल संझौता भएको अवधि देखि २०८३ जेष्ठ मसान्तसम्म |

१. फिदिम न.पा. आन्तरिक राजश्व खाता नं. ०६७०३०००००१००१००००००१

२. फिदिम न.पा. धरौटी खाता नं. ०६७०३००००००३०००००००००१

**नोट :- अधिक्तम बिक्री दर प्रति क्यू. मिटर मु.अ.क. बाहेक रु.२४७२० भन्दा बढी लिन पाईने छैन।**

---

**Government of Nepal**
**Ministry of Energy, Water Resources and Irrigation**
## Department of Water Resources and Irrigation
## Rajapur Irrigation Management Office
**Rajapur, Bardiya**

## Invitation for Sealed Quotation

**(Date of Publication: 2082-07-02 B.S.)**

1. ***Rajapur Irrigation Management Office*** invites sealed quotations from registered contractors for the construction of the works as ***specified in the table below***.
2. Eligible Bidders may obtain further information and inspect the Sealed Quotation Forms from the web site of PPMO www.bolpatra.gov.np or at the office of ***Rajapur Irrigation Management Office, Rajapu Bardiya.***
3. A non-refundable fee of ***Rs.1,000.00*** for purchase of each Sealed Quotation Form should be deposited by Bidders till **2082-07-20 B.S.** in the following bank account.
   **Account No.** : 1000100200010000 (REVENUE FCGO TSA, Rastriya Banijya Bank, Gulariya, Bardiya)
   **Rajashwa (Revenue) Shirshak No.** : 14229 **Office Code No.** : 308035802
4. Sealed bids must be submitted to the above mentioned office through eGP system i.e. www.bolpatra.gov.np/egp electronically on or before ***12:00 hours 2082-07-20 BS.***
5. The Sealed quotations shall be opened in the presence of Bidders' representatives who choose to attend on ***2082-07-20* BS, 14:00 hours** at the office of ***Rajapur Irrigation Management Office in Rajapur, Bardiya***. Sealed quotations must be valid for a period of ***45 days*** after opening and must be accompanied by a bid security in the form of Cash Security or Bank Guarantee of ***Rupees as specified in the table below,*** which shall be ***valid for 30 days*** beyond the validity period of the sealed quotation, i.e. 75 days.
6. If a bidder wishes to submit the Cash Security, the cash should be deposited in the following account; and should submit the receipt of the deposited amount along with the Sealed Quotation.
   **Dharauti Account :** 4140100102030000 (Ko. Le. Ni. Ka., Rastriya Banijya Bank, Gulariya, Bardiya)
   **Office Code :** 308035802
7. Matters not covered by this notice shall be in accordance with Public Procurement Act 2063 and Public Procurement Regulations 2064.
8. In case of discrepancy or error in this notice, sealed quotation and other documents, Rajapur Irrigation Management Office reserves the right to amend and correct at any time. Such amendment and correction shall be published in the Web Site of PPMO **www.bolpatra.gov.np/egp**.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning reasons whatsoever.

| S. N. | Sealed Quotation No. | Description and Location of Works | Bid Security (NRs.) | Bid Document Fee (NRs.) | Estimated Cost Excluding VAT (NRs.) |
|---|---|---|---|---|---|
| 1. | RIMO/FMIS/SQ-01/2082/83 | Construction of R.C.C. Lined Canal Work in Thapapur Kulo | 50,000/- | 1,000/- | 1,709,361.82 |
| 2. | RIMO/FMIS/SQ-02/2082/83 | Construction of R.C.C. Lined Canal Work in Bathaniya Bankatti Kulo | 50,000/- | 1,000/- | 1,696,399.33 |
| 3. | RIMO/FMIS/SQ-03/2082/83 | Construction of R.C.C. Lined Canal Work in Boxiniya Canal | 50,000/- | 1,000/- | 1,716,219.01 |
| 4. | RIMO/FMIS/SQ-04/2082/83 | Construction of R.C.C. Lined Canal Work in Jhagrauwaha Kulo | 50,000/- | 1,000/- | 1,697,754.20 |
| 5. | RIMO/FMIS/SQ-05/2082/83 | Construction of R.C.C. Lined Canal Work in Jugutpur Kulo | 40,000/- | 1,000/- | 1,241,108.42 |
| 6. | RIMO/FMIS/SQ-06/2082/83 | Construction of R.C.C. Lined Canal Work in Sindra Kulo (Bangali Kulo) | 50,000/- | 1,000/- | 1,674,566.12 |
| 7. | RIMO/FMIS/SQ-07/2082/83 | Construction of R.C.C. Lined Canal Work in Khallajaypur Kulo (u/s and d/s of Escape) | 50,000/- | 1,000/- | 1,608,531.32 |
| 8. | RIMO/FMIS/SQ-08/2082/83 | Construction of R.C.C. Lined Canal Work in Gola Dakshin Purwa | 50,000/- | 1,000/- | 1,616,348.20 |
| 9. | RIMO/FMIS/SQ-09/2082/83 | Canal Bank Protection Work using Stone Filled Gabion Boxes and Construction of R.C.C. Lined Canal Work in Badalpur Pahadipur | 50,000/- | 1,000/- | 1,450,799.55 |
| 10. | RIMO/FMIS/SQ-10/2082/83 | Construction of R.C.C. Lined Canal Work in Badalpur Phattepur Kulo | 50,000/- | 1,000/- | 1,671,329.66 |
| 11. | RIMO/FMIS/SQ-11/2082/83 | Construction of R.C.C. Lined Canal Work in Simrahuwa Kulo | 40,000/- | 1,000/- | 1,273,226.77 |
| 12. | RIMO/FMIS/SQ-12/2082/83 | Construction of R.C.C. Lined Canal Work in Pahadipur Kulo | 50,000/- | 1,000/- | 1,704,593.50 |
| 13. | RIMO/FMIS/SQ-13/2082/83 | Construction of R.C.C. Lined Canal at Koili Rataiya Intake | 50,000/- | 1,000/- | 1,559,807.45 |
| 14. | RIMO/FMIS/SQ-14/2082/83 | Construction of R.C.C. Lined Canal Work in Pacchim Kulo | 50,000/- | 1,000/- | 1,661,102.51 |
| 15. | RIMO/FMIS/SQ-15/2082/83 | Construction of R.C.C. Lined Canal Work in Sripur Escape Canal | 50,000/- | 1,000/- | 1,523,978.97 |
| 16. | RIMO/FMIS/SQ-16/2082/83 | Construction of R.C.C. Lined Canal Work in Shankarpur Canal, Bhimapur | 50,000/- | 1,000/- | 1,650,474.34 |
| 17. | RIMO/FMIS/SQ-17/2082/83 | Construction of R.C.C. Lined Canal Work in Murgauwa Kulo | 50,000/- | 1,000/- | 1,478,658.58 |
| 18. | RIMO/FMIS/SQ-18/2082/83 | Construction of R.C.C. Lined Canal Work in Dhundipur Canal, Deuthan | 50,000/- | 1,000/- | 1,715,952.95 |
| 19. | RIMO/FMIS/SQ-19/2082/83 | Construction of R.C.C. Lined Canal Work in Gaule Kulo & Bindeniya Kulo | 50,000/- | 1,000/- | 1,641,392.04 |
| 20. | RIMO/FMIS/SQ-20/2082/83 | Construction of R.C.C. Lined Canal Work in Pakahaipur Karmani Canal | 50,000/- | 1,000/- | 1,689,067.97 |

**Office Chief**

---

# फरार ८१ कैदी तथा थुनुवा पक्राउ

**नेपाल समाचारपत्र, कास्की**

जिल्ला प्रहरी कार्यालयले ८१ जना फरार कैदी तथा थुनुवालाई पक्राउ गरेको छ। विभिन्न मुद्दामा फरार कैदी तथा थुनुवालाई स्वत:स्फुर्त कारागार फर्किन आह्वान गर्दै आएको थियो।

प्रहरीले असोज २० गतेभित्रमा कारागार फर्किन आह्वान गरेको थियो। यद्यपि अझै केही फरार नै रहेका छन्। जेनजी आन्दोलन पश्चात् कास्की कारागारबाट विभिन्न मुद्दाका कैदी तथा थुनुवालाई फरार भएका थिए। प्रहरीले कारागारमा फर्किन आग्रह गरे पनि सम्पर्कमा आएका थिएनन्। प्रहरीले ८१ जना फरार कैदी तथा थुनुवालाई पक्राउ गरी कास्की कारागारलाई बुझाएको छ।

जबरजस्ती करणी मुद्दाका १६ जना, लागूऔषध मुद्दाका १६ जना कर्तव्य ज्यान मुद्दाका ८ जना चोरी मुद्दाका २५ जनालाई पक्राउ गरेर कारागारलाई बुझाएको प्रहरी नायव उपरीक्षक एवं प्रवक्ता हरिबहादुर बस्नेतले बताउनुभयो। त्यस्तै, ज्याने मार्ने उद्योग मुद्दाका ९ जना, अभद्र व्यवहार मुद्दाका ४ जना, सवारी अंगभंग मुद्दाका १ जना, कुटपिटबाट अंगभंग र मानव बेचविखन मुद्दाका १ जनालाई पक्राउ गरी कारागार बुझाइएको उहाँको छ।

यसै गरी, प्रहरीले चाडबाडसँगै शान्ति सुरक्षा कायम गर्न अपरेसन ३ सय ६५ शुरु गरेको छ। मोटरसाइकलको स्वरूप परिवर्तन गरी ठूलो आवाज निकाली ध्वनी प्रदूषण गर्ने समाजलाई त्रसित र आतङ्कित पार्ने शान्ति सुव्यवस्थामा खलल पुर्‍याउने खालका गतिविधि नियन्त्रण गर्न प्रहरीले अपरेसन शुरु गरेको जनाएको छ।

प्रहरीले नियमितजसो ठूलो आवाज निकाल्ने मोटरसाइकल तथा मोडिफाई गरिएको मोटरसाइकल नियन्त्रणमा लिँदै कारबाही शुरु गरेको प्रहरी प्रवक्ता बस्नेतले बताउनुभयो। प्रहरीले स्वरूप परिवर्तन गरिएको मोटरसाइकल मात्रै नभई स्वरूप परिवर्तन गर्ने मोटरसाइकल तथा रिकन्डिसना हाउस सञ्चालकलाई समेत कानुनी कारबाही गर्ने उल्लेख गरिएको छ।

जेनजी आन्दोलनपछि बजार क्षेत्रमा स्वरूप परिवर्तन गरिएको मोटरसाइकल र ध्वनि प्रदूषण गर्ने प्रवृत्ति आएको थियो। प्रहरीले अपरेसन शुरु गरेपछि केहीहदसम्म रोकिएको छ।

# भालुको आक्रमणमा एकको मृत्यु

**नेपाल समाचारपत्र, दोलखा**

बैतेश्वर गाउँपालिका-३ ठाडेका ५९ वर्षीय टेकबहादुर तमाङको भालुको आक्रमणमा परी मृत्यु भएको छ।

आफ्नो घरबाट २ सय मिटर टाढा जङ्गलमा घाँस काट्न गएका तमाङलाई बिहीबार बिहान १०:३० बजे भालुले आक्रमण गरेको थियो।

भालुको आक्रमणबाट तमाङको घटनास्थलमै ज्यान गएको जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी निरीक्षक श्रीराम तिमल्सिनाले बताउनुभयो।

---

## अधिकतम खुद्रा बिक्री मूल्य(MRP) प्रकाशनको सूचना

यस Triveni Byapar Co.Pvt.Ltd. कम्पनीले India बाट आयात गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा त्रिक्री मूल्य (MRP) निम्न वमोजिम भएको व्यहोरा जानकारीको लागी प्रकाशन गरिएको छ।

| SR No. | Description | Size | Brand | Model | Capacity | Origin | Unit | Per Unit Prices | MRP |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | REFRIGERATOR | 110 LTRS | YASUDA | YSDS110SW | N/A | INDIA | PCS | 20,915 | 20,915 |
| 2. | REFRIGERATOR | 192 LTRS | SAMSUNG | RR20C2722CR/IM | N/A | INDIA | PCS | 37,990 | 37,990 |
| 3. | REFRIGERATOR | 192 LTRS | SAMSUNG | RR20C2412S8/IM | N/A | INDIA | PCS | 36,990 | 36,990 |
| 4. | REFRIGERATOR | 230 LTRS | SAMSUNG | RR24A272ZCU/IM | N/A | INDIA | PCS | 44,490 | 44,490 |

**बिक्रेता फर्मको नाम :** Triveni Byapar Co.Pvt.Ltd. **प्यान नं.: ६०००५८१४३**

**ठेगाना : पुतलीसडक, काठमाडौं, नेपाल। फोन नं.: ०१-४२४२३१७**

---

### सडक डिभिजन, नेपालगञ्ज
## आर्थिक प्रस्ताव खोल्ने सूचना

**प्रकाशित मिति : २०८२/०७/०२**

यस कार्यालयको मिति २०८२/०४/२० गते हिमालयन टाईम्समा प्रकाशित बोलपत्र आह्वानको सूचना नं TNN02/082/83 र मिति २०८२/०५/०१ नेपाल समाचारपत्रमा प्रकाशित बोलपत्र आह्वानको सूचना नं TNN03/082/83 अनुसार तपशील बमोजिमका ठेक्काहरुमा पेश भएका बोलपत्रदाताहरुका प्राविधिक प्रस्तावहरु खोली परिक्षण गर्दा सफल भएका देहाय बमोजिमका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताब तपशीलको स्थान, मिति र समयमा खोलीने भएकोले सार्वजनिक खरिद नियमावलीको दफा ३१ (ङ) को उपदफा ५ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरुको नाम र ठेगाना |
|---|---|
| **RDNGJ/337011384/082/83-09** | 1. M/S Alfa – Kanjirowa JV, Nepalgunj 18, Banke, Nepal.<br>2. M/S Sakchyam Nirman Sewa P. Ltd, Nepalgunj Banke<br>3. M/S Straight line/ Precious JV, Khajura-03, Banke |
| **RDNGJ/337011384/082/83-15** | 1. M/S Khadka Nirman Sewa Pvt. Ltd, Baijanath-1, Banke<br>2. M/S KLC - New S.B - Rishika JV, Nepalgunj-2, Banke<br>3. M/S MINU-KAKRE-TRISHAKTI JV, Birendranagar-04, Surkhet<br>4. M/S Sanjay-Sakchyam-Subhani JV, Hetauda-05, Makawanpur |
| **आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान : २०८२/०७/०९ गते दिनको ०१:०० बजे, सडक डिभिजन, नेपालगञ्ज** | |

**डिभिजन प्रमुख**

---

**Government of Nepal**
**Ministry Of Home Affairs**
**Crime Investigation Department**
## Nepal Police Central Forensic Science Laboratory
**Samakhusi, Kathmandu**

## Invitation for Sealed Quotation

**Date of publication: 19th October 2025 (2nd Kartik 2082 BS)**

1. Nepal Police Central Forensic Science Laboratory invites **Sealed Quotation** from registered Suppliers for the supply, delivery and installation of following General Lab Chemicals, Consumables and Glassware. The name and identification of the contact are as follows.

| S.N. | Descriptions | Qty. | Contract No. | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|---|
| 1. | **Supply & Delivery of General Lab Chemicals, Consumables and Glassware** | **1 package** | **NPCFSL/G/SQ/2082-083/01** | **57,580.00** | **1,000.00** |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Nepal Police Central Forensic Science Lab, Samakhusi, Kathmandu, Tel.no. 01-4980310 and email address: *forensic13lekha@nepalpolice.gov.np*
3. Eligible and interested bidders may obtain a complete set of bidding documents from the office of the Nepal Police Central Forensic Science Laboratory, Samakhushi, Kathmandu. to purchase the bidding documents, applicants must submit a written request along with the following documents Letter of Authorization signed by the company owner, Certified copy of the Company/Firm Registration Certificate, Certified copy of the VAT/PAN Registration Certificate, Tax Clearance Certificate for Fiscal Year 2080/081 (Notarized copy).A non-refundable fee of NPR 1,000 must be deposited into the specified Government Revenue Account, as detailed below till **2nd November 2025 (16th Kartik 2082 BS)** During Office Hours.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** Rastriya Banijya Bank Ltd, Thamel, Kathmandu.
   **Name of Office:** Nepal Police Central Forensic Science laboratory, Samakhusi, Kathmandu.
   **Office Code No.:** 314043505 **Revenue Heading No.:** 14229
   **Revenue Account No.:** 1000100200010000
4. Sealed bids must be submitted to the office Nepal Police Central Forensic ***Science Lab, Samakhusi, Kathmandu*** by hand on or before **3rd November 2025 (17th Kartik 2082 BS) at 12:00 hrs. Noon.** Bids received after this deadline will be rejected. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **3rd November 2025 (17th Kartik 2082 BS at 14:00 hrs.** at the office of ***Nepal Police Central Forensic Science Lab, Samakhusi, Kathmandu*** Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 57,580/- which shall be valid for 75 days after opening the Sealed Quotations.
   **Information to deposit the Bid Security Amount in Bank:**
   **Name of the Bank:** Rastriya Banijya Bank Ltd, Thamel, Kathmandu.
   **Name of the office:** Nepal Police Central Forensic Science Laboratory Samakhushi, Kathmandu
   **Office Code No.:** 314043505 **Office Account No.:** 1100100102030000 (Dharauti Khata)
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
7. The Purchaser reserves the right to increase or decrease the quantity of **General Lab Chemicals, Consumables and Glassware** specified in Schedule of Requirements as per Forensic Science Lab without any changes in the unit prices or other terms and conditions.

# ट्रेलरमा मैभारो

लोकप्रिय हास्य अभिनेता विल्सन विक्रम राई (तक्मेबुढा) को लेखन तथा निर्देशनमा निर्माण भएको फिल्म मैभारोको ट्रेलर सार्वजनिक गरिएको छ।

तीन मिनेट ४९ सेकेन्डको ट्रेलरमा प्रेमको लागि गरेको संघर्ष र त्यसपछि उत्पन्न समस्या प्रस्तुत गरिएको छ। ट्रेलरमा फिल्मका मुख्य कलाकार धिरज मगर, मिरुना मगर, दिया पुनदेखि दयाहाङ राईसम्म देखिएका छन्। निर्देशक विल्सन आफैं पनि देखिएका छन्। यसअघि निर्माण समूहले दुई गीत रिलिज गरिसकेको छ।

निर्देशक राईकै कथा रहेको फिल्म पूर्वको इलाम र पाँचथर आसपासमा खिचिएको छ। तक्मे प्रोडक्सनको ब्यानरमा निर्माण भएको यो फिल्ममा धिरज र मिरुनाका साथमा दिया पुन, बुद्धि तामाङ, सुनिल थापा, पुष्कर गुरुङ, अभयराज बराल, माओत्से गुरुङ, कविता आले, रजनी गुरुङ, प्रेम सुब्बा, उदय सुब्बा, अनिल सुब्बा, भूपेन्द्र लिङदेन, विशाल लिम्बूलगायतका कलाकारले अभिनय गरेका छन्। तिहारको भाइटीका अर्थात् आगामी कातिक ७ गते रिलिजमा आउने फिल्मको गीतमा अनमोल गुरुङ र तोरेम्पाहाङ राईको संगीत, राजेशपायल राई, झुमा लिम्बू ,मेलिना राई, अस्मिता अधिकारीलगायतको स्वर र सौरभ लामाको छायांकन रहेको छ।





# परान खोजेर हेर्ने फिल्ममा पर्छु : अञ्जना बराइली



जीवनको अन्त्यसम्म छोरा नजरकै सामुन्ने रहिरहोस् भन्ने एक बाबुको कथा बोल्ने पारिवारिक फिल्म *परान* आगामी कार्तिक १४ गते रिलिज हुँदैछ।

फिल्मकी अभिनेत्री अञ्जना बराइलीले *परान*मा सिनको संख्याभन्दा पनि विषयवस्तुका कारण काम गरेको बताइन्। 'म यसमा जोडिनुको एउटै कारण यसको विषय हो। यो खोजीखोजी हेर्ने फिल्मभित्र पर्छ। यसमा जति काम भएको छ, त्यो राम्रो भएको छ र म यो फिल्म हलमा हेर्न एकदमै उत्साहित छु' अञ्जनाको भनाइ छ 'यो फिल्म जुन प्रकार र परिवेशमा बनेको छ, त्यो हिसाबले चाडबाडमै लगाउनुपर्ने फिल्म हो। तर हामीले भने चाडबाड सकिएपछि रिलिज गर्न लागिरहेका छौं। फिल्ममा म अलिक मिजासिलो पात्रमा छु। यसभित्रका विभिन्न परिस्थितिले मलाई त्यसरी प्रस्तुत गर्छ। फिल्ममा नीर शाह नजरमा परिहाल्नुहुन्छ, त्यसपछि म पर्छु।'

*परान* डेब्यु निर्देशक दीपकप्रसाद आचार्य (काकु) ले निर्देशन गरेका छन्। आचार्यकै कथा रहेको फिल्ममा पटकथा र संवाद यम थापाको रहेको छ। गोल्छा समूह र प्रिज्मा समूहको साझेदारीमा स्थापित बाइस्कोप सिनेमा प्रालिको व्यानरमा निर्मित फिल्ममा नीर शाह, महेश शाह, अञ्जना बराइली, मदनकृष्ण श्रेष्ठ, पूजा चन्द, केकी अधिकारी, प्रवीण खतिवडा, बुद्धि तामाङ, यासेली योङहाङ, बबिन राई, पुष्पराज ओझा, सीमा काफ्ले, दमन रुपाखेती, यमन श्रेष्ठ, सुव्रतराज आचार्य, सुरेश थापा, विनोद राई, बाल कलाकार आर्यादीप आचार्यलगायतका कलाकारले अभिनय गरेका छन्।

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता कायम रहेको **"आईकन एजुकेशन हब प्रा.लि."** (प्रा.लि.नं ३५६८०९) कम्पनीको विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको नाममा रहेको सम्पूर्ण सम्पत्ति, ऋण तथा अन्य दायित्व समेत बेहोर्ने गरी साविक नाम परिवर्तन गरी **"आर्गश एजुकेशन हब भक्तपुर प्रा. लि."** कायम गर्ने गरी गरिएको निर्णयलाई श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०६/०२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गर्ने स्वीकृति प्रदान गरेको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**आर्गश एजुकेशन हब भक्तपुर प्रा. लि.**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२।०७।०२**

यस कम्पनीको मिति २०८२।०५।०१ गतेको विशेष साधारण सभाको निर्णय बमोजिम साविकको कम्पनी वाटरफ्लो टेक्नोलोजी प्रा. लि. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नुपर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनी **कग्निक्स इन्साइट्स प्रा. लि.** ले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी कग्निक्स इन्साइट्स प्रा. लि. कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।

**असन ईन्भेष्टमेष्ट कम्पनी लिमिटेड को**
**छैठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति : २०८२/०७/०२ गते**

**आदरणीय शेयरधनी ज्यूहरु,**

**विषय: छैठौं वार्षिक साधारण सभामा उपस्थित हुने बारे।**

महोदय,

यस कम्पनीको संचालक समितिको मिति २०८२ आश्विन २४ गते शुक्रबार बसेको बैठकको निर्णय अनुसार छैठौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएको व्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरुको लागि जानकारी गरिएको छ। सम्पूर्ण शेयरधनी महानुभावहरु समयमा पाल्नु हुन हार्दिक अनुरोध गर्दछौ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति :-** २०८२ कार्त्तिक २२ गते शनिबार
**समय :-** बिहान १०:०० बजे
**स्थान :-** चेम्बर भवन, कान्तिपथ

**साधारण सभाका छलफलका विषयहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन पेश गर्ने तथा पारित गर्ने।
२. कम्पनीको आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण छलफल गरि पारित गर्ने।
३. कम्पनीको आ.व. २०८२/८३ को लागि लेखापरीक्षक नियुक्ती तथा निजको पारिश्रमिक तोक्ने बारे।
४. विविध।

**निक्षेप रकम उपर हकदाबी सम्बन्धि ३५ दिने सूचना**

यस बैंकका खातावाला, श्रीमान् माधव खत्रीको छोरी, श्रीमान् निरोज बानियाँको श्रीमती, ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. २३ बस्ने श्रीमती जुली बानियाँको मिति २०८२।०५।३१ का दिन मृत्यु भएकोले निजको यस बैंकमा रहेको बचत खाता नं. २१२०१००००००१३९१८७२६ मा रहेको सम्पूर्ण रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमान् निरोज बानियाँले मिति २०८२।०६।२९ मा यस बैंकमा निवेदन दिनु भएको हुदाँ उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको ३५(पैंतीस) दिनभित्र सबुत प्रमाण सहित हकदाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

PRIME COMMERCIAL BANK LTD. प्राइम कमर्सियल बैंक लिमिटेड
**प्रधान कार्यालय**
कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४५२३४३२

**निक्षेप रकम उपर हकदाबी सम्बन्धि ३५ दिने सूचना**

यस बैंकका खातावाला, श्रीमान् केशव उपाध्यायको छोरा, श्रीमती तुलसी आचार्यको श्रीमान्, बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. ०४ बस्ने श्रीमान् धर्मराज आचार्यको मिति २०८२।०४।२२ का दिन मृत्यु भएकोले निजको यस बैंकमा रहेको बचत खाता नं.११८०१००००००१४०३०१६५४ मा रहेको सम्पूर्ण रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती तुलसी आचार्यले मिति २०८२।०६।२७ मा यस बैंकमा निवेदन दिनु भएको हुदाँ उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको ३५(पैंतीस) दिन भित्र सबुत प्रमाण सहित हकदाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

PRIME COMMERCIAL BANK LTD. प्राइम कमर्सियल बैंक लिमिटेड
**प्रधान कार्यालय**
कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४५२३४३२

# Manthali Municipality
## Office of the Municipal Executive
**Manthali, Ramechhap**
**Bagmati Province, Nepal**

## Invitation For Bids

**First Date of Publication: 2082/07/02 B.S. (2025/10/19 A.D.)**
**IFB No. : MM/RCH/WORKS/NCB/01/2082/083**

1. Manthali Municipality, Manthali, Ramechhap invites only electronic bids from registered eligible national bidders for the following construction works under National Competitive Bidding. Some of the qualification criteria are mentioned below.

| S. N. | Contract ID No. | Description of Works | Total Estimated Amount (excluding VAT, contingency and with PS) (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Fee in (NRs.) | Bid Validity and Bid Security Validity | Last Date of Bid Submission | Intended completion date after date of agreement. |
|---|---|---|---|---|---|---|---|---|
| 1. | MM/RCH/WORKS/NCB/01/082/083 | Sanwadanda-Pashupati-Sikral-Saunepani Road, ward no. 12 | 1,71,78,633.63 | 4,95,000.00 | 3,000.00 | 90 & 120 Days | 12:00 PM on 2082/08/02 B.S. | 6 months |
| 2. | MM/RCH/WORKS/NCB/02/082/083 | Debitar-Phulasi Road, ward no. 14 | 1,71,78,668.14 | 4,95,000.00 | 3,000.00 | 90 & 120 Days | 12:00 PM on 2082/08/02 B.S. | 5 months |
| 3. | MM/RCH/WORKS/NCB/03/082/083 | Construction of additional structure in Cold store (Compound wall, guard house, Toilet etc.), ward no. 1 | 42,98,432.68 | 1,20,000.00 | 3,000.00 | 90 & 120 Days | 12:00 PM on 2082/08/02 B.S. | 4 months |
| 4. | MM/RCH/WORKS/NCB/04/082/083 | Manthali Dalitbasti-Thado Gairo Mathillo Tekanpur Road, ward no. 2 | 25,89,793.04 | 75,000.00 | 3,000.00 | 90 & 120 Days | 12:00 PM on 2082/08/02 B.S. | 3 months |
| 5. | MM/RCH/WORKS/NCB/05/082/083 | kathjorkhola Brihat kulo Nirman yojana, Wada no. 2 | 30,43,478.26 | 90,000.00 | 3,000.00 | 90 & 120 Days | 12:00 PM on 2082/08/02 B.S. | 3 months |
| 6. | MM/RCH/WORKS/NCB/06/082/083 | Khaltepani Tank Nirman Wada no. 5 | 26,07,637.17 | 75,000.00 | 3,000.00 | 90 & 120 Days | 12:00 PM on 2082/08/02 B.S. | 3 months |
| 7. | MM/RCH/WORKS/NCB/07/082/083 | Dandakhark Swasthya Chauki Kalika Ma Bi Staronnati, ward no. 6 | 25,79,362.83 | 75,000.00 | 3,000.00 | 90 & 120 Days | 12:00 PM on 2082/08/02 B.S. | 3 months |
| 8. | MM/RCH/WORKS/NCB/08/082/083 | Upgrading of Majhgaun Road via Community Building, ward no. 13 | 25,78,242.06 | 75,000.00 | 3,000.00 | 90 & 120 Days | 12:00 PM on 2082/08/02 B.S. | 3 months |
| 9. | MM/RCH/WORKS/NCB/9/082/083 | Chaude Ambote Irrigation Project, ward no. 13 | 21,49,038.52 | 65,000.00 | 3,000.00 | 90 & 120 Days | 12:00 PM on 2082/08/02 B.S. | 3 months |
| 10. | MM/RCH/WORKS/NCB/10/082/083 | Dadatol Dharekhola Irrigation Pond Construction Project, ward no. 13 | 21,49,038.52 | 65,000.00 | 3,000.00 | 90 & 120 Days | 12:00 PM on 2082/08/02 B.S. | 3 months |
| 11. | MM/RCH/WORKS/NCB/11/082/083 | Boje School Drinking Water Supply Project, ward no. 13 | 21,49,038.52 | 65,000.00 | 3,000.00 | 90 & 120 Days | 12:00 PM on 2082/08/02 B.S. | 3 months |
| 12. | MM/RCH/WORKS/NCB/12/082/083 | Upgrading of Chaukighar dekhi School hudai simkhet roktali Karthali Biruwa road, ward no. 14 | 25,77,352.64 | 75,000.00 | 3,000.00 | 90 & 120 Days | 12:00 PM on 2082/08/02 B.S. | 3 months |
| 13. | MM/RCH/WORKS/NCB/13/082/083 | Upgrading of chautaradada karjangtolamotol hudai batoghar road, ward no. 14 | 21,48,670.29 | 65,000.00 | 3,000.00 | 90 & 120 Days | 12:00 PM on 2082/08/02 B.S. | 3 months |
| 14. | MM/RCH/WORKS/NCB/14/082/083 | Chyumi ghyachar monastery (Gumba) construction Project, ward no. 14 | 77,36,866.89 | 2,30,000.00 | 3,000.00 | 90 & 120 Days | 12:00 PM on 2082/08/02 B.S. | 6 months |

For Bid Purchase fee Deposition :
**Name & address of Bank:** Rastriya Banijya Bank, Manthali Branch, Manthali, Ramechhap
**Name of the Office:** Office of the Municipal Executive, Manthali Municipality
**Deposite Account No. :** Ga.1.1 Aantarik Rajaswa (Internal Revenue) Khata, 1680100301010002
**Office code no. :** 801032401

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of the Municipal Executive, Manthali, Ramechhap Telephone: 048-540532 and Email: manthalinapa071@gmail.com, ito.manthalimun@gmail.com, Website: www.manthalimun.gov.np and may visit the EGP section of Public Procurement Monitoring Office (PPMO) website (www.bolpatra.gov.np/egp)

**Chief Administrative Officer**

## सम्पादकीय

# योजनाहरू कागजमा मात्रै सीमित नहोउन्

सरकारले चालू आर्थिक वर्षका लागि सार्वजनिक गरेको राष्ट्रिय प्राथमिकता सूची र माइलस्टोन कार्य योजनाले देशको औद्योगिकीकरण, पूर्वाधार विस्तार र निजी क्षेत्रको सहभागिता सुदृढीकरण गर्नेप्रति आफ्नो स्पष्ट प्रतिबद्धता प्रकट गरेको छ। यो योजना देशको आर्थिक रूपान्तरणको दिशामा एक महत्वपूर्ण रणनीतिक खाका हो, जसले दीर्घकालीनरुपमा औद्योगिक पुनरुत्थान र वैदेशिक लगानी आकर्षणमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। सरकारले औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, सुख्खा बन्दरगाह, पेट्रोलियम पाइपलाइन र निजी क्षेत्रद्वारा सञ्चालित केबलकार परियोजनालाई राष्ट्रिय प्राथमिकता सूचीकृत गरेको छ। ती औद्योगिक क्षेत्रहरूले आगामी वर्षहरूमा स्थानीय रोजगारी सिर्जना, उद्योगहरूको भौगोलिक वितरण र राष्ट्रिय उत्पादन वृद्धिमा योगदान पुऱ्याउने अपेक्षा छ। त्यसै गरी पेट्रोलियम पाइपलाइन विस्तारलाई पनि प्राथमिकतामा राखिएको छ, जसले भारतसँगको ऊर्जा आपूर्ति सञ्जाल र अन्तरदेशीय व्यापार सुदृढ गर्न सहयोग पुऱ्याउनेछ। त्यस्तै केबलकार आयोजनाहरूले पर्यटन क्षेत्रको पहुँच विस्तार, ग्रामीण अर्थतन्त्रमा चहलपहल र धार्मिक पर्यटनको प्रवर्द्धनमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

लामो समयदेखि निष्क्रिय अवस्थामा रहेका राज्य–स्वामित्वका उद्योगहरूलाई पुनर्जीवित गर्दै पुनः सञ्चालनयोग्य बनाउने तयारी पनि सरकारको छ। यी पहलहरू सरकारको औद्योगिक नीति र लगानी प्रशासनबीचको समन्वय सुदृढ गर्ने प्रयासका रूपमा देखिन्छन्। सार्वजनिक उद्योगमा निजी क्षेत्रको पूँजी र दक्षता समावेश गर्न खोजिएको यो योजना सफल हुन सकेमा दीर्घकालीनरूपमा राज्यको राजस्व वृद्धि र उद्योग पुनर्जीवनमा सहयोग पुग्नेछ। त्यस्तै ४७ नयाँ माइलस्टोन कार्ययोजना पनि सरकारले तय गरेको छ। तीमध्ये केही कार्यहरू संरचनागत सुधार र डिजिटल रूपान्तरणमा केन्द्रित छन्। गतवर्षका ३३ वटा नवप्रवर्तनात्मक कार्य सम्पन्न भएका छन्। तर ४५ वटा माइलस्टोन कार्य अझै सम्पन्न भएका छैनन् भने पाँचवटा कार्य शुरु नै हुन सकेका छैनन्। विगतका आर्थिक वर्षमा तोकिएका १३७ माइलस्टोनमध्ये २२ कार्यहरू प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अनुरोधमा हटाइएका थिए, बाँकी ११५ कार्यमध्ये हालसम्म ६५ मात्र पूरा भएका छन्। यो तथ्यांकले देखाउँछ कि नीति निर्माणमा उत्साह भए पनि कार्यान्वयनको गति अझै सन्तोषजनक छैन।

सरकारले अधुरा र शुरु नभएका माइलस्टोनहरूलाई पुनः समायोजन गरी यसै आर्थिक वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखेको छ। तर स्रोत अभाव, प्रशासनिक ढिलाइ र जिम्मेवारी स्पष्ट नहुनुजस्ता कारणले योजनाको कार्यान्वयनमा निरन्तर चुनौती देखिएको छ। यी सबै योजनाले नेपाललाई औद्योगिक आत्मनिर्भरता र पूर्वाधार सुदृढीकरणको बाटोतर्फ डोऱ्याउने सम्भावना देखाए पनि यसको सफलता सरकारको कार्यान्वयन क्षमतामा निर्भर रहनेछ। यदि मन्त्रालयहरूले माइलस्टोनहरू समयमै पूरा गर्ने संयन्त्र स्थापना गर्न सके भने, यी परियोजनाहरूले राष्ट्रिय उत्पादन, रोजगारी र वैदेशिक लगानीमा उल्लेखनीय सुधार ल्याउनेछन्। तर यसका लागि नीति स्थायित्व, वित्तीय अनुशासन र अन्तर–संस्थागत सहकार्य आवश्यक देखिन्छ।

नयाँ प्राथमिकता र माइलस्टोन योजना नेपालको आर्थिक दिशालाई औद्योगिक पुनर्जागरणतर्फ मोड्ने एउटा अवसरका रूपमा देखिन्छ। यसले विकासका आधारभूत संरचनाहरूमा लगानी विस्तार मात्र होइन, पुराना राज्य–स्वामित्वका उद्योगहरूलाई पुनर्जीवित गर्ने र निजी क्षेत्रलाई आकर्षित गर्ने संकेत पनि दिन्छ। तर यी योजना कागजमा सीमित नरही व्यावहारिक प्रगतिमा रूपान्तरण हुनका लागि स्पष्ट जिम्मेवारी, संस्थागत समन्वय र राजनीतिक स्थायित्व अपरिहार्य देखिन्छ। सफल कार्यान्वयनका माध्यमबाट मात्र यी माइलस्टोनहरूले 'कागजी उपलब्धि' होइन, व्यावहारिक परिवर्तन ल्याउन सक्नेछन्, जसले देशको आर्थिक स्वाधीनता र औद्योगिक भविष्यको दिशा निर्धारण गर्नेछ।

# शक्ति सन्तुलन र सही निकासका लागि उच्चस्तरको राजनीतिक गोलमेच सम्मेलन



कृष्णहरि भट्ट

सामाजिक सञ्जाल खोल्ने र सुशासन कायम गराउने उद्देश्यका साथ भएको २३-२४ को नौजवान विद्रोहपछि नेपालको परम्परागत संसद्वादी व्यवस्थाको अन्त्य भएको छ र विद्रोहको बलमा राष्ट्रपतिले निर्दलीय प्रधानमन्त्री नियुक्ति गरेका छन्। नयाँ निर्वाचनका लागि नौजवान पुस्ताको सुशासनको माग कार्यान्वयन हुने गरी निर्वाचनको तयारीमा देश अगाडि बढिरहेको छ। तर निर्वाचन हुने सम्भावना ज्यादै न्यून छ। पुरानै संसदीय संरचनामा नयाँ निर्वाचन कसरी हुन्छ ? यसको समाधान आवश्यक छ।

निर्वाचनमा जानुअगाडि केका लागि निर्वाचन ? कस्तो निर्वाचन ? यसबाट प्राप्त हुने नतिजाबाट के हुन्छ ? लगायतका गम्भीर मुद्दाहरूको समाधानविना निर्वाचन हुन सक्दैन। यसको सही निकासका लागि सर्वपक्षीय राजनीतिक गोलमेच आवश्यक छ। यसो गर्न सकिएन भने देश थप द्वन्द्वमा जाने निश्चित छ।

यो विद्रोह के हो ? कसको तयारीमा भएको थियो ? यत्रो धनजनको क्षति किन ? यो विद्रोह योजनाबद्ध हो कि स्वतःस्फूर्त ? यो विद्रोह आवश्यक थियो कि थिएन ? जस्ता ज्वलन्त प्रश्नहरू छन्। ती प्रश्नहरूको समाधान आवश्यक पनि छ। समाधान समयक्रममा हुँदै जाला, खुल्दै जालान्। यहाँ के कुरा निश्चित हो भने, समाजमा विद्रोहको अवस्था बन्दै थियो। संसद्वादी दलहरूको अराजनीतिक भ्रष्ट आचरण र व्यवहारका कारण निराश भई बन्दी बनेको समाजमा जोसुकैले जुनै बेला पनि विद्रोहको काँटी सल्काउन सक्थ्यो। यसमा विद्रोहको तयारी केही पार्टीहरूले एकल र संयुक्तरूपमा गर्दै पनि थिए। उनीहरूको सामर्थ्य पुग्न सकेन। विद्रोह पर सर्दै थियो। विद्रोह भयो। यसमा ककसको चलखेल थियो, देखिँदै जानेछ। के कुरा स्पष्ट छ भने, यो संसद्वादी अभ्यासले नेपाली जनताका समस्या समाधान गर्न भने कुनै पनि हालतमा नसक्ने रहेछ भन्ने यथार्थ दिनको घामझैँ छर्लङ्ग छ।

विगतमा नेपाली समाजलाई राम्रो बनाउने भन्दै राजनीतिक परिवर्तनका आन्दोलनहरू हुने गरेका सङ्घर्षका धेरै कथाव्यथा रहेका छन्। कहिले राजनीतिक सङ्घर्ष, कहिले वैचारिक सङ्घर्ष, कहिले साङ्गठनिक सङ्घर्ष, कहिले सशस्त्र सङ्घर्ष चल्दै आइरहेका हुन्। यसरी हुने गरेका सङ्घर्षहरूलाई नेपाली जनताको जनसङ्घर्ष भन्न सकिन्छ। यस्ता हरेक सङ्घर्षले नेपाली समाजको विकासमा मात्रात्मक परिवर्तन मात्र गर्न सकेको छ। अझै पनि गुणात्मक परिवर्तन (क्रान्ति) हुने अवस्था विकास गर्न सकेको छैन। यसो हुनुमा दलहरू नै दलालको दलदलमा फस्नु हो। यसबारेमा छुट्टै बहस जरुरी छ। जसका कारण नेपाली जनताको हित हासिल हुने गरी जनसङ्घर्षको कार्यभार पूरा हुन सकिरहेको छैन।

### फेरिएको शोषणका भेरिएन्ट :

राजाको निरङ्कुशताको स्थानमा राणाको निरङ्कुशता, राणाको निरङ्कुशताको स्थानमा पञ्चायतको निरङ्कुशता, पञ्चायतको निरङ्कुशताको स्थानमा बहुलवादी संसद्वादी स्वच्छन्दता र बहुलवादी स्वच्छन्दताको स्थानमा बहुलवादी समाजवाद उन्मुख भनिएको गणतन्त्रात्मक संसद्वादी स्वच्छन्दता कायम भएर आएको देखिन्छ। यसबाट पनि जनहितका कामहरू हुन सकेको देखिँदैन। बरू जनहितका कार्यहरू भनेको 'भोटदेखि भोटसम्म, निर्वाचनदेखि निर्वाचनसम्म' र दलहरू नै नवशोषकको रूपमा कार्य गर्नुले नेपालमा अस्थिरतामाथि अस्थिरता थपिन पुग्यो।

यसरी देशमा शोषणका पनि धेरै भेरिएन्ट देखिए, सामन्तवादी शोषण, संसद्वादी शोषण, गणतन्त्रवादी समाजवाद उन्मुख शोषण। यस्ता प्रकारका शोषण गर्ने सबैजसो पार्टीहरूले अब राजनीतिक विद्रोह वा क्रान्ति हुँदैन भनेर आफ्ना कार्यकर्तालाई राजनीतिक चेतनाविहीन गराउने कामधन्दा गरे। यो समाज विकासको गतिभन्दा विपरीतको दृष्टिकोण थियो। यो दृष्टिकोणविरुद्ध यहींभित्रबाट राजनीतिक विद्रोहको तयारी हुँदै थियो। विद्रोह नयाँ ढङ्गबाट हुने भन्दै नयाँ जनवादी क्रान्तिका लागि तयारी गरौं भनेर नेपाल कम्युनिस्ट पार्टी नयाँ ढङ्गले पुनर्गठित हुँदै थियो र सिङ्गो कम्युनिस्ट आन्दोलनलाई पुनर्गठन गर्ने उद्घोष गरेको थियो। जबसम्म समाजमा शोषण, विभेद, अन्याय र अत्याचार रहन्छ, त्यस्तो समाजमा जहिले पनि विद्रोहको अवस्था विद्यमान हुन्छ। न्याय स्थापनाका लागि सङ्घर्ष हुन्छ। न्यायका लागि हुने विद्रोह कसैले रोक्न सक्दैन। उक्त पार्टीको ठम्याइ अहिले सही साबित भएको छ।

कांग्रेस र कम्युनिस्टका नाममा बदनाम गराइएको नेपाली जनसङ्घर्षले आफ्नो गति र शक्ति आर्जन गर्दै थियो, जसबाट नेपाली जनक्रान्तिको अभिभारा पूरा हुने दिशामा विकास हुँदै थियो। यसै क्रममा नौजवान पुस्ताको विद्रोहले कुहिएर, मक्किएर सडिसकेको संसद्वादी व्यवस्था एकै झोकामा पतन गराइदिएको छ। फल त थियो तर कुहिएको फ्यात्त झऱ्यो। यसबाट नेपालमा नयाँ सम्भावनाको ढोका भने खोलिदिएको छ। सामन्ती तथा दलाल नोकरशाही व्यवस्थाको अन्त्य र पूँजीवादी व्यवस्थाको थालनी। अब भ्रष्टाचारविरुद्ध सुशासनको स्थापनाका लागि जनसेवा, जनहित, देशको हितको कुरा हो, राष्ट्रिय स्वाभिमान र स्वाधीनता रक्षाको काम गर्नुपर्छ।

### अबको बाटो :

नेपाली समाजमा युगौंदेखिका समस्या रहेका छन्। राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणसँग सम्बन्धित समस्याहरू छन्। सामाजिक न्यायमा आधारित व्यवस्थाको संरचना गर्नु आजको वस्तुगत आवश्यकता रहेको छ। नेपाली उत्पादन प्रणाली बदल्ने, उत्पादन सम्बन्ध बदल्ने र राष्ट्रिय उत्पादक शक्तिको निर्माण गर्ने अभिभारा नयाँ बन्ने व्यवस्थाको रहेको छ। यसका लागि सुविचारित कार्य गर्नुपर्दछ। यसका लागि नवयुवाका समूहहरू, सबै राजनीतिक दलहरू, व्यवसायी, पेसाकर्मी, बुद्धिजीवी, किसान, मजदुरसमेतको सहभागिता रहेको उच्च स्तरको राजनीतिक सम्मेलन गर्न जरुरी छ।

हाल नेपाल विश्व भूराजनीतिको चपेटामा परेको छ। यसकारण यो सम्मेलनमा दुई छिमेकी देश, सार्क, संयुक्त राष्ट्रसङ्घ र ठूला दातृराष्ट्रसमेतलाई पर्यवेक्षक बनाउन सकिन्छ। नेपालको भूमि कसैका विरुद्ध प्रयोग गर्न नदिने प्रतिबद्धता अनुरूप हामी अगाडि बढ्नुपर्दछ। उदयमान विश्वशक्ति चीन र चीनलाई पछ्याइरहेको भारतका बीचमा रहेको नेपाल सधैं गरिब र कष्टकर अवस्थामा रहिरहन सक्दैन। यो दुवै देशको सुरक्षा चासोको विषय हो। नेपालको सरकार कहिले भारत ढल्कने, कहिले चीन ढल्कने कार्यबाट न त नेपाललाई हित हुन्छ, न त भारत या चीनलाई नै। नेपालमा राजनीतिक स्थिरता भनेको भारत-चीन दुवैको समृद्धिका लागि सहयोगी नै रहन्छ। यसो हुन नसक्दा तेस्रो पक्षले फाइदा उठाउन सक्ने हुन्छ।

### प्रत्यक्ष कार्यकारी :

१. रिना कुमारी महतो (ना.प्र.नं. १९३०७९/३४४०, जारी मिति २०६३/१२/३०, जि.प्र.का. सिन्धुली) को नाममा दर्ता कायम भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिन्धुली जिल्ला, साविक महेन्द्र लदाभिर गा.वि.स. वडा नं. ४ हाल सिन्धुली जिल्ला दुधौली न.पा. वडा नं. ९ स्थित कि.नं. १५० को क्षेत्रफल ०-२-३-२ (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. रिना कुमारी महतो (ना.प्र.नं. १९३०७९/३४४०, जारी मिति २०६३/१२/३०, जि.प्र.का. सिन्धुली) को नाममा दर्ता कायम भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिन्धुली जिल्ला, साविक महेन्द्र लदाभिर गा.वि.स. वडा नं. ६ हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ९ स्थित कि.नं. १५८० को क्षेत्रफल ०-०-७-० (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

३. फुलो महतो (ना.प्र.नं. २०२६६७/५९७८, जारी मिति २०४६/०२/२९, जि.प्र.का. सिन्धुली) को नाममा दर्ता कायम भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिन्धुली जिल्ला, साविक महेन्द्र लदाभिर गा.वि.स. वडा नं. ४ हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ९ स्थित कि.नं. १५२ को क्षेत्रफल ०-५-१३-२ (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

४. फुलो महतो (ना.प्र.नं. २०२६६७/५९७८, जारी मिति २०४६/०२/२९, जि.प्र.का. सिन्धुली) को नाममा दर्ता कायम भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिन्धुली जिल्ला, साविक महेन्द्र लदाभिर गा.वि.स. वडा नं. ६ हाल सिन्धुली जिल्ला, दुधौली न.पा., वडा नं. ९ स्थित कि.नं. १२१८ को क्षेत्रफल ०-०-३-१ (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

५. अनिल महतो (ना.प्र.नं. २०१०४५/२४३, जारी मिति २०६८/०४/०८, जि.प्र.का. सिन्धुली) को नाममा दर्ता कायम भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिन्धुली जिल्ला, साविक महेन्द्र लदाभिर गा.वि.स. वडा नं. ६ हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ९ स्थित कि.नं. २ को क्षेत्रफल ८२ (ब.मि.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

६. आर्यान सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आयप्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

**Siddhartha Bank**
शाखा कार्यालय : दुधौली, सिन्धुली
फोन नं. ०४७-४१२०२१
Website : www.siddharthabank.com

## Panauti Municipality
## Office of the Municipal Executive
**Panauti, kavre**
**Bagmati Province, Nepal**

### Invitation for Electronic Bids

**Date of Publication: 2082/07/02**

The Office of the Municipal Executive, Panauti municipality invites electronic bids and seal quotations from Nepalese Eligible Bidders for the following projects under National Competitive Bidding Procedures. Eligible Bidders may obtain further information from the www.bolpatra.gov.np and Office of the Municipal Executive, Panauti municipality, Kavre .

| S. N. | Contract Identification No. | Description of Project | Bid Document Fee, Nrs. | Amount Nrs. Bid Security | Estimate Amount Without VAT and contingency |
|---|---|---|---|---|---|
| 1 | Panauti/Ncb/Works/ Ward7/Flagstone/ 2082/83/51 | Laying of Flagstone at Ward no. 7 under Budget Book Serial No. 511,607, 902, 903, 905, 909, 910 | 3000 | 1,90,000 | 67,16,684.61 |
| 2 | panauti/mentalhealth/ 2082/83-02 | Procurement of Medicine Related to Mental Health (Re-bid) | 1000 | 38000 | - |

**Panauti Municipality.**

## Aandhikhola Rural Municipality
## Office of Rural Municipal Executive
**Krishi, Syangja**
**Gandaki Province, Nepal**

### Invitation for Sealed Quotation

**First Date of Publication: October 19, 2025**

1. The Office of Rural Municipal Executive, Aandhikhola Rural Municipality krishi, Syangja invites electronic bids from eligible bidders for the Procurement of following Goods.
2. Eligible Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. For Purchasing of Bidding document bidders have to deposit the amount as mentioned at Rajaswa Sirsak No: 2342050028676002 Revenue Heading Ga-1.1 of NIC Asia Bank Ltd. And if Bidders wish to submit cash security, the cash should be deposited at Dharautti Account no: N4CA052540052402 Dharautti (ga-3) of NIC Asia Bank Ltd.
3. All other terms and conditions will be as per Nepal Government's prevailing procurement Acts and Regulations.

| S. N | Contract No. and Title. | Brief Description of Goods | Procurement Method | Estimated amount (Including VAT) | Bid Security Amount in NRs | Bid Submission Date, Time | Bid Document fee (NRs) | Bid validity period |
|---|---|---|---|---|---|---|---|---|
| 1. | ANDH-GD-SQ-MS-05-2082-83 | Supply & Delivery Of Essential Medicines/Items | SQ | 3693334.11 | 95000 | Nov 3rd, 2025, 12:00 hrs | 3000 | As Per Public Procurement Acts and Regulations. |

**Chief Administrative Officer**

**Government of Nepal**
## Ministry of Water Supply
## Department of Water Supply and Sewerage Management
## Water Supply and Sewerage Management Office
**Bharatpur, Chitwan**
**Phone: 056-493204, Email: fwssmpchitwan@gmail.com**

### Invitation for Bids

**Date of publication: 19th October, 2025 (2nd Kartik, 2082)**

**Water Supply and Sewerage Management Office, Chitwan** under Department of Water Supply and Sewerage Management invites electronic bids from eligible bidders for the following work under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

| S N | Contract ID and Name of Works | Bid Document Fee (NRs.) | Bid Validity Period | Bid Security amount, (NRs.) | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| 1. | **06/082-83/WSSMO/Chitwan:** Chhorigandaki Lifting Water Supply Project, Jwalamukhi RM, Dhading. | 5,000.00 | 90 days | 700,000.00 | 19th November, 2025 12:00 Hrs |

Any conditions so far not covered shall be as per Public Procurement Act-2063 and Public Procurement Regulation-2064. Any amendments in tender notice or bid document shall be published in notice board of office or PPMO's website.

Bidders may obtain further information at the office of **Water Supply and Sewerage Management Office, Bharatpur-10, Chitwan, Bagamati Province, Nepal, Telephone Number: 056-493204** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Office Chief**

**Local Government**
## Shivapuri Rural Municipality
**Sherabagar, Nuwakot**
**Bagamati Provience, Nepal**

### Invitation for Bids for the Construction of Civil Works

**[Date of first publication: Oct. 19, 2025 (2082/07/02 B.S.)]**

1. Shivapuri Rural Municipality, Office of the Rural Municipal Executive, Sherabagar Nuwakot invites electronic bids from eligible bidders for the procurements of works as per table below under National Competitive Bidding procedures. Only eligible bidders should participate in this bidding.

| S. N. | Contract Identification Number | Description of work | Last Date of bid Submission | Bid Opening Date | Bid security (NRs) | Bid Validity Period | Bid Document price (NRs) | Estimated Amount (NRs) (Without VAT and PS) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SRM/NCB /WORKS/ 082-83/06 | Upgrading of Hilche-Bisauna-Chisapani Sadak | before 12:00 noon on Nov.18,2025 (2082/08/02) | 13:00 PM of Nov.18,2025 (2082/08/02) | 464000 | 90 days | 3000.00 | 17076905.47 |
| 2 | SRM/NCB /WORKS/ 082-83/07 | Syalping Khola Muhan Gari Samundanda-Aange-Jamune-Pokhare Phant Sichai | before 12:00 noon on Nov.18,2025 (2082/08/02) | 13:00 PM of Nov.18,2025 (2082/08/02) | 128000 | 90 days | 3000.00 | 4689933.48 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of Rural Municipal Executive, Shivapuri Rural Municipality, Sherabagar Nuwakot or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## भगवतीमाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
वेस्तडा, दैलेख, कर्णाली प्रदेश, नेपाल

### शिलवन्दी बोलपत्रको आह्वानको सूचना

सूचना नं. ११/खरिद इकाई

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०७/०२)

भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, दैलेख यस गाउँपालिका अन्तर्गत देहायको आयोजना सञ्चालन गर्नु पर्ने भएकोले ई-बिड मार्फत रितपूर्वकको शिलवन्दी दरभाउपत्र आह्वान गर्दछ ।

| ठेक्का नं. | कामको विवरण | बोलपत्र फाराम दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|
| BRM/MED/SQ/01/2082/083 | भगवतीमाई गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाका लागि आवश्यक आधारभूत, आकस्मिक तथा निःशुल्क औषधी र उपकरण खरिद तथा सप्लाई कार्य। | १,०००.० | १३०,०००.० |

दरभाउपत्र पेश गर्ने, खोलिने अन्तिम म्याद र बोलपत्र जमानतः

| बोलपत्र पेश गर्ने अन्तिम मिति | | बोलपत्र खोलिने मिति | | बोलपत्र फाराम खरिदको लागि बैंक खाता | | | | बोलपत्र जमानत दाखिला गर्ने बैंक खाता | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| मिति | समय | मिति | समय | खाताको नाम | खाता नम्बर | बैंक र शाखा | राजस्व शीर्षक | खाताको नाम | खाता नम्बर | बैंक र शाखा |
| २०८२/०७/२१ गते | १२:०० बजे भित्र | २०८२/०७/२१ गते | २:०० बजे | GA:1.1 BHAGAWATIMAI GA.PA. ANTARICK RAJASHWO KHATA | 15101093 28800091 | प्रभू बैंक भगवतीमाई शाखा | १४२२९ | GA:3 BHAGAWATIMAI GA.PA. STHANIYA TAHA DHARAUTI KHATA | 15101093 28800041 | प्रभू बैंक भगवतीमाई शाखा |

थप जानकारीको लागि मोवाईल नं. ९८५८०२०८९९/९८५८०२०७९९ सम्पर्क राख्नुहोला । विस्तृत सूचनाको लागि भगवतीमाई गाउँपालिकाको कार्यालय दैलेखको वेवसाइट www.bhagawatimaimun.gov.np वा खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

## मेलम्ची नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

### नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मिति २०८२/०७/०२

स्थानीय सरकार संचालन ऐन, २०७४, को दफा ६२ क. र मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा १३ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी एवं क्रसर उद्योग आसपास क्षेत्रमा हाल मौज्दात रहेका नदीजन्य पदार्थहरु मेलम्ची नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी आ.व. २०८२/०८३ को सम्झौता अवधि देखि २०८३ असार मसान्तसम्मका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

ठेक्का विवरण

| क्र.सं. | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन फिट ) | प्रति घ.फि. दर रु. | न्यूनतम बोलपत्र रकम रु. (मू.अ.कर बाहेक) | धरौटी रकम रु. | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | MMSI/2082-83/01 | मेलम्ची नगरपालिका क्षेत्र भित्रको IEE प्रतिवेदनले निर्धारण गरेको ईन्द्रावती, मेलम्ची, सिन्धुखोला, ढाँडखोला नदी क्षेत्रबाट ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा एवं हाल मौज्दात रहेका नदीजन्य पदार्थ बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) । | ४,५७,३४,७४१.७५ (चार करोड सन्ताउन्न लाख चौंतिस हजार सात सय एकचालि दशमलव पचहत्तर) | ७ | ३२,०१,४३,१९२।२५ (अक्षरुपी बत्तिस करोड एक लाख त्रिचालिस हजार एक सय बयानब्बे रुपैयाँ पैसा पच्चिस मात्र) | कूल कबोल अंङ्कको ५% ले हुन आउने धरौटी रकम वा १५० दिन म्याद भएको बैंक जमानत (मू.अ.कर सहित) | २०,०००।– (बीस हजार रुपैयाँ मात्र) |

थप जानकारी

- धरौटी खाता नेपाल बैंक लि. मेलम्ची स्थित बैंक खाता नं. १६८०३००००३००००००००१
- आन्तरिक राजस्व खाता नेपाल बैंक लि. मेलम्ची स्थित आन्तरिक राजस्व खाता नं. १६८०३०००००१००१००००००१
  (राजस्व शिर्षक : अन्य प्रशासनिक सेवा शुल्क १४२२९)
- ठेक्का सम्बन्धी पूर्ण सूचना तथा शर्तहरु मेलम्ची नगरपालिकाको वेवसाइट www.melamchimun.gov.np र PPMO को वेवसाइट http://www.bolpatra.gov.np बाट Download गर्न सक्नुहुनेछ ।

**Date of First Publication: 2082/07/02**

Melamchi Municipality invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding Procedures.

| S. N | Name of the Project/ Contract Identification No. | Estimate Amount (Including VAT And PS) | Bid Security Amount NRs. | Price of Bid Document NRs. | Last Date of Bid Submission and time | Last Date of Bid opening and time |
|---|---|---|---|---|---|---|
| 1 | Upgrading Works of Dhakal Khahare Krishna Mandir Daduwa Road (MMSI/WORKS/NCB/2082-83/09) | NRs. 47,51,922.49 | NRs. 1,19,000.00/- | NRs.3000.00 | 2082/08/02, 12:00 Hrs. | 2082/08/02, 13:00Hrs |
| 2 | Upgrading Works of Dhimal Kanle Yeklebesi Jarke Krishi Sadak (MMSI/WORKS/NCB/2082-83/11) | NRs. 2279092.81 | NRs. 66,000.00/- | NRs.3000.00 | 2082/08/02, 12:00 Hrs. | 2082/08/02, 13:00Hrs |
| 3 | Construction Of Gufadanda Park (MMSI/WORKS/NCB/2082-83/12) | - | NRs. 7,44,000.00 | NRs.5000.00 | 2082/08/02, 12:00 HRS | 2082/08/02, 13:00Hrs |

1). Eligible Bidders may obtain further information from the Office of the Municipal Executive, Melamchi Municipality, Melamchi Sindhupalchok, Telephone: 011- 401089,Email: dms.melamchimun@gmail.com, or may visit PPMO e-GP System web portal www.bolpatra.gov.np/egp.

2) Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders should deposit the cost ***mentioned above*** of bidding document in the Project's Rajaswa (revenue) account and bid security fee Dharauti(Deposit) as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of submission of the bids.

**Chief Administrative Officer**

# नर्सको समस्या समाधान गर्न सर्वपक्षीय छलफल

**काठमाडौं, (नेस)**

लामो समयदेखि तलब तथा सेवासुविधाको समानता माग गर्दै आन्दोलनरत नर्सहरूको विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आज सर्वपक्षीय छलफल गर्दै छ। मन्त्रालयले शुक्रबार आन्दोलनरत नर्सका प्रतिनिधिहरू, नेपाल नर्सिङ संघ, निजी मेडिकल तथा डेन्टल कलेज संघ, चिकित्सा शिक्षा आयोग र जेन-जी समूहका प्रतिनिधिसँग छलफल गरी आज आइतबार दिउँसो २ बजे सर्वपक्षीय बैठक बस्ने निर्णय गरेको हो।

नेपाल नर्सिङ संघकी अध्यक्ष प्रा. चन्द्रकला शर्माका अनुसार शुक्रबार नर्सिङ पेसासँग सम्बन्धित समस्या, आन्दोलनरत नर्सले उठाएका माग र २०८१ मंसिर २७ गते स्वास्थ्य मन्त्रीस्तरीय निर्णयबारे पुनः समीक्षा गरी सोही विषयमा ठोस निष्कर्ष निकाल्ने उद्देश्यले आइतबार सबै पक्षबीच विस्तृत छलफल हुने सहमति भएको हो।

पछिल्लो समय पोखराको मणिपाल मेडिकल कलेज र गण्डकी मेडिकल कलेजका नर्सहरूले सरकारीसरह तलब सुविधा माग गर्दै आन्दोलन थालेपछि अन्य जिल्लाका निजी अस्पतालका नर्सहरू पनि आन्दोलनमा उत्रिएका हुन्। उनीहरूको मुख्य माग भनेको सरकारी सेवामा कार्यरत नर्सहरूसरह न्यूनतम तलब (३४ हजार ७ सय ३०) र महँगी भत्ता लागू गरिनुपर्छ भन्ने हो।

प्रधानमन्त्री सुशीला कार्कीले गत साता स्वास्थ्य सचिव डा. विकास देवकोटालाई बोलाएर आन्दोलन समाधानका लागि तत्काल पहल गर्न निर्देशन दिएपछि गत मंगलबार मन्त्रालयले पहिलो चरणको औपचारिक छलफल गरेको थियो।

स्वास्थ्य सचिव डा. देवकोटाको अध्यक्षतामा बसेको उक्त बैठकमा नेपाल नर्सिङ संघकी अध्यक्ष प्रा. शर्मा, निजी मेडिकल तथा डेन्टल कलेज एसोसिएसनका कोषाध्यक्ष तथा मणिपाल मेडिकल कलेजका सञ्चालक शान्तराज बतास, जेन-जी अगुवा सुदन गुरुङ, मेडिकल व्यवसायी दुर्गा प्रसाईं, स्वतन्त्र नर्स समूहकी ज्योति रानाभाट, सागर खतिवडालगायत सरोकारवाला सहभागी थिए। बैठकमा सुरुमा जेन-जी अगुवा सुदन गुरुङले आन्दोलनरत नर्सहरूका समस्या उठाउँदै निजी अस्पतालहरूले चरम श्रम शोषण गरिरहेको बताउनुभएको थियो। उहाँले तलब समयमै नदिने, अतिरिक्त समयको पारिश्रमिक नपाउने, र प्रशिक्षार्थीका नाममा काम लगाउने प्रवृत्ति अन्त्य हुनुपर्नेमा जोड दिनुभएको थियो।

त्यसअघि मेडिकल व्यवसायी दुर्गा प्रसाईंले आफ्नो संस्थामा कार्यरत नर्सहरूलाई सरकारले तोकेकोभन्दा बढी तलब सुविधा दिइरहेको दाबी गर्दै भन्नुभयो- 'हाम्रो संस्थामा नर्सहरूको कुनै गुनासो छैन। समस्या त मेडिकल सिट वितरणमा छ, आयोगले निष्पक्षता अपनाउनुपर्छ।'

मणिपाल मेडिकल कलेजका सञ्चालक शान्तराज बतासले नर्सहरूलाई सुरुमा प्रशिक्षार्थीका रूपमा १७ हजार तलब दिइए पनि कामका अनुभव र दक्षताका आधारमा क्रमशः वृद्धि गरिने गरिएको दाबी गर्दै भन्नुभयो- 'श्रम शोषण गर्ने हाम्रो उद्देश्य होइन।' तर नर्सिङ संघका प्रतिनिधिहरूले भने निजी अस्पतालहरूले चरम शोषण गरेको आरोप लगाउँदै नर्सिङ लाइसेन्स प्राप्त स्वास्थ्यकर्मीलाई प्रशिक्षार्थीका रूपमा राख्नु गैरकानुनी भएको तर्क गरे। नर्सिङ संघका अध्यक्ष शर्माले भन्नुभयो- 'नर्सहरूले न त न्यूनतम पारिश्रमिक पाएका छन्, न त सम्मान। संघले पटक-पटक ध्यानाकर्षण गराएको भए पनि कुनै ठोस कदम चालिएन।'

स्वास्थ्य सचिव डा. देवकोटाले आन्दोलनरत नर्सहरूको माग र संस्थापक पक्षबीच आइतबारको कात्तिकको वार्ताबाट व्यावहारिक समाधान निकाल्ने प्रतिबद्धता व्यक्त गर्दै भन्नुभयो- 'हामी सबै पक्षको सुझाव लिएर ठोस सहमति बनाउने तयारीमा छौं।'

नेपालमा नर्सहरूले पारिश्रमिक र सेवा-सुविधासम्बन्धी आवाज विगत दुई दशकदेखि उठाउँदै आएका छन्। तर निजी स्वास्थ्य क्षेत्रमा न त न्यूनतम तलब कार्यान्वयन भएको छ, न त स्थायी सेवा सुविधा। पछिल्लो तीन वर्षमा पोखरा, चितवन, जनकपुर, विराटनगर, बुटवल र काठमाडौंमा पटक-पटक नर्सहरूको सामूहिक आन्दोलन भएको छ।

### म्यानेजमेन्ट एक्सिलेन्स इंक प्राइभेट लिमिटेडलाई खारेज गर्ने सम्बन्धमा लिक्वीडेटरको सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७५/८/१७ मा दर्ता भएको प्रा.लि.नं. २०३६०७/०७५/०७६ रहेको **म्यानेजमेन्ट एक्सिलेन्स इंक प्रा.लि**, का शेयरधनीहरुको मिति २०८२/६/३१ मा सम्पन्न बार्षिक साधारण सभाको निर्णयानुसार यस कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार कम्पनी खारेज (लिक्वीडेसन) मा लैजाने विशेष प्रस्ताव पारित भएकोले कम्पनी ऐन, २०६३ अन्तर्गत रहि कम्पनीको खारेजी (लिक्वीडेसन) प्रक्रिया शुरु गरिएको छ । तसर्थ कम्पनीले तिर्न व्यहोर्न पर्ने ऋण, धन, अन्य दायित्व एवं कोही कसैसँग कुनै लेनदेन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गरि बाँकी रहेको जायजेथा कम्पनीका शेयरधनीहरुलाई बाँडिने हुनाले तोकिएको म्याद भित्र दावी नगरिएमा पछि कसैको कुनै प्रकारको दावी नलाग्ने व्यहोरा समेत सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**लिक्वीडेटरको कार्यालय**: लिक्वीडेटर अधिवक्ता राधाकृष्ण भण्डारी
लोयल ल एशोसिएट्स, बुद्दनगर, काठमाडौं ।
मो.नं. ९८५१०८३२२४/९८०८५४६४१४, Email-loyallawassociates@gmail.com

### संस्थापक समुहको शेयर बिक्री सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति : २०८२/०७/०२ गते)**

यस वित्तीय संस्थाका संस्थापक शेयरधनी सम्झना पोखरेलले आफ्नो नाममा रहेको ६,००० कित्ता संस्थापक शेयरहरु बिक्री गर्न संचालक समिति मार्फत आवेदन दिनु भएकोले सो संस्थापक शेयर खरिद गर्न यस वित्तिय संस्थाका विद्यमान संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त संस्थापक शेयर खरिद गर्न ईच्छुक संस्थापक शेयरधनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय बनेपा-१३, काभ्रेपलाञ्चोकमा लिखित जानकारी गराउन हुन अनुरोध गरिन्छ । तोकिएको समयावधि भित्र विद्यमान संस्थापकहरुबाट शेयर खरीद गर्ने सम्बन्धमा कुनै लिखित जानकारी प्राप्त हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन तथा अन्य प्रचलित कानून बमोजिम शेयर बिक्री प्रक्रिया अगाडि बढाईने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड**
**MANUSHI LAGHUBITTA BITTYA SANSTHA LTD.**
नेपाल राष्ट्र बैंकबाट "घ" बर्गको ईजाजत प्राप्त राष्ट्रियस्तरको कार्यक्षेत्र भएको संस्था
केन्द्रीय कार्यालय बनेपा–१३, भैंसेपाटी, काभ्रेपलाञ्चोक
फोन नं. ०११-६६२७८५/६६३१२७, इमेलः info@manushilbs.com.np, वेबसाईट https://manushilbs.com

# विश्व मञ्चमा तुहाइएका क्रान्ति र विद्रोह

## क्रान्तिकारीका खेर गएका बलिदान र रगतको इतिहास





■ **कविरस शर्मा**

महत्वपूर्ण राजनीतिक परिवर्तनका हरेक क्षणमा युवाहरूको उपस्थिति आधुनिक इतिहासमा प्रेरणादायी शक्ति रूपमा देखिँदै आएको छ। जब राज्य संकटमा हुन्छ वा अन्याय सहिनसक्नु हुन्छ, तब अधिकांश अवस्थामा युवाहरू नै अग्रपंक्तिमा देखिन्छन्। जसले सत्ताको पुराना जरा उखेलेर नयाँ सम्भावनाको बीज रोप्ने आँट गर्छन्। उनीहरू परिवर्तनप्रतिको अटुट आशाले ओतप्रोत हुन्छन्। तर, संसारभरिका अनेकौं ऐतिहासिक अनुभवहरूले एउटा तितो यथार्थ पनि उजागर गर्छ। संकटको बेलामा क्रान्तिमा होमिने तिनै युवाहरूलाई अन्ततः, बारम्बार धोका दिइन्छ। कहिले पुरानै शासकहरूले, कहिले सत्तामा नयाँ ढंगले प्रवेश गरेका अनुहारहरूले, त कहिले तिनीहरूकै आन्दोलनको समर्थन गर्ने झुटा मित्रहरूले।

यसको उदाहरणका रूपमा सन् १९६८ मा फ्रान्समा भएको ऐतिहासिक विद्यार्थी विद्रोह उल्लेखनीय छ। शैक्षिक सुधारको माग राख्दै सुरु भएको त्यो आन्दोलन श्रमिकहरूसम्म फैलिँदा राष्ट्रव्यापी आमहड्तालमा परिणत भएको थियो। क्रान्तिको तीव्र गतिले राष्ट्रपति चार्ल्स दे गललाई संसद विघटन गर्न बाध्य बनायो। तर, जब कम्युनिस्ट पार्टी र मजदुर युनियनहरूले सरकारसँग सम्झौता गरे, आन्दोलन सतही सुधारहरूमा मात्रै सीमित रह्यो। अन्ततः पुरानै सत्ता, अराजकताको डर देखाउँदै, पुनः स्थापित भयो र युवाहरूको क्रान्तिकारी सपना अधुरै रह्यो।

त्यस्तै, सन १९५६ को हंगेरी क्रान्ति सोभियत नियन्त्रण र कम्युनिस्ट शासनविरुद्धको एक साहसी जनविद्रोह थियो। दोस्रो विश्वयुद्धपछिको प्रारम्भिक चुनावमा गैर-कम्युनिस्टहरू जिते पनि १९४८ मा कठोर कम्युनिस्ट नेता माट्यास राखोसीको नेतृत्वमा कम्युनिस्टहरूले सत्ता कब्जा गरे। राखोसीको शासनमा अभिव्यक्ति स्वतन्त्रता समाप्त भयो, गुप्तचर प्रहरी (एभीएच) ले डरको वातावरण बनायो र रुसी भाषा, संस्कृतिलाई जबर्जस्ती थोपथप गरियो। जसले जनजीवन कष्टकर बनायो। सन् १९५६ को सुरुवातमा सोभियत नेता निकिता ख्रुस्चेवले स्टालिनको दमनको आलोचना गर्दै सुधारको संकेत दिएपछि हंगेरीमा परिवर्तनको आशा जाग्यो। नागरिकको व्यापक प्रदर्शन भएपछि राखोसी हटाइए र सुधारवादी नेता इम्रे नाज सत्तामा आए। उनले स्वतन्त्र चुनाव, निष्पक्ष न्याय, सेना फिर्ता, र वार्सअ सन्धीबाट बाहिरिने योजना प्रस्तुत गरे। तर, सोभियत संघले यो कदमलाई खतराको रूपमा लिएर हजारौं ट्यांकसहित आक्रमण गर्‍यो। हजारौं नागरिक मारिए र गिरफ्तार भए। अधिकांश देशबाट भाग्न बाध्य भए। नाजलाई गिरफ्तार गरी मृत्युदण्ड दिइयो र सोभियत समर्थक जानोस काडारलाई सत्तामा राखेर विद्रोह दबाइयो।

सन् २०११ मा इजिप्टको ताहरीर स्क्वायरमा भएको जनआन्दोलन पनि युवा शक्तिको अर्को पीडादायी उदाहरण हो। तानाशाह होस्नी मुबारकको ३० वर्षे शासन युवा प्रदर्शनकारीहरूले अन्त्य गरे। तर, त्यसपछिको संक्रमणकालीन राजनीतिको निर्णायक प्रक्रियाबाट युवाहरूलाई अलग राखियो। मुस्लिम ब्रदर हुडको उदय, धार्मिक कट्टरता र बहुसंख्यावादी राजनीतिले निराशा बढायो। अन्ततः सन् २०१३ मा सेनाले सत्ता कब्जा गर्दै अधिनायकवाद पुनःस्थापित गर्‍यो। क्रान्तिका अगुवाहरू कारावासमा परे, निर्वासनमा गए। त्यससँगै तिनका सपना पनि सत्ताको अपहरणमा परे।

सुडानमा सन् २०१८ मा सुरु भएको आन्दोलनमा विद्यार्थी, महिला र युवाहरू अग्रपंक्तिमा रहे। ओमार अल-बशिरको तानाशाहीलाई उखेलेर नागरिक-सैन्य सत्ता साझेदारीको संरचना बनाइयो। जुन लामो समयसम्म टिक्न सकेन। सन् २०२१ मा फेरि सेनाले “कु” गर्दै अधिनायकवाद फर्कायो। युवाहरूको बलिदान खेर गयो। धेरै मारिए, थुप्रै जेलिए। जुन व्यवस्थाविरुद्ध उठेका थिए, अन्ततः त्यो नै पुनःस्थापित भयो।

इरानमा भएको आन्दोलन पनि भिन्न थिएन। सन् २००९ को “ग्रीन मुभमेन्ट” देखि सन् २०२२ मा महसा अमिनीको मृत्युपछि सुरु भएको “महिला, जीवन, स्वतन्त्रता” आन्दोलनसम्म, युवाहरूले निरन्तर स्वतन्त्रताको आवाज उठाए। तर, सत्ताको जवाफ सधैं दमन, गिरफ्तारी, मृत्युदण्ड दिनुमा नै सीमित रह्यो। सुधारका नाममा गरिएको प्रत्येक वाचा झुटो सावित भयो र सत्ता झनै क्रूर बनेर फर्कियो।

युक्रेनको अनुभव केही जटिल भए पनि पाठ सिकाउने खालको छ। सन् २००४ को “ओरेन्ज क्रान्ति” युवाहरूको व्यापक उपस्थिति सहित सम्पन्न भयो। जसले सुधारको आशा पनि जगाएको थियो। तर, सत्तामा पुगेका नेताहरू नै पछि भ्रष्टाचारमा लिप्त हुन थाले। सन् २०१३-१४ मा फेरि “युरोमैदान आन्दोलन” भयो, जसले राष्ट्रपति यानुकोभिचलाई हटायो। तर, त्यसपछिका घटनाले भने रुसको हस्तक्षेप निम्त्यायो, क्रिमिया गुम्यो, डोनबासमा युद्ध सुरु भयो अनि युवाहरूको सपना पनि राजनीतिक खेल र बाह्य शक्तिको “बलिको बोका” बन्यो।

यी सबै आन्दोलन र विद्रोहहरू एउटै कठोर यथार्थमा जोडिन्छन्। जब युवाहरू न्याय, समानता र स्वतन्त्रताको सपना देखेर उठ्छन्, उनीहरूलाई प्रायः धोका दिइन्छ। कहिले आफ्नै नेताबाट, कहिले सहमतिका नाममा सम्झौतापरस्त समूहबाट, त कहिले प्रतिगामी शक्तिबाट। सुरुमा स्वागत गरिएजस्तो देखिन्छ, तर पछि “फुटाउ अनि राज गर” रणनीति अपनाएर दमन गरिन्छ। कतै क्रान्तिले ल्याएका उपलब्धि तुरुन्तै उल्टाइन्छन् भने कतै त्यो सपना रगत बगाएर पुछिन्छ। तर, ती सबै धोका, पराजय र दमनका बाबजुद पनि युवाहरूले हरेक पुस्तामा प्रश्नको बीउ रोपेका छन्, व्यवस्था हल्लाएका छन र परिवर्तनको सम्भावना जीवितै राखेका छन। क्रान्ति तत्काल सफल नहुन सक्छ, तर त्यसको गहिरो असर भविष्यमा बिस्तारै देखिन सक्छ। जब युवाहरूको आवाज दबाउन खोजिन्छ, त्यो आवाज इतिहासमा झनै चर्को स्वरमा पटक-पटक गुञ्जिरहन्छ।




## आजको राशिफल

• ज्यो. काश्यप उपाध्याय

**मेष**
दिन शुभ रहेको छ। द्रव्य लाभ, शत्रु विजय, खेल-परीक्षा आदिमा सफलता हुन सक्छ।

**वृष**
तपाईंका लागि समय शुभ नहुँदा कार्य नाश, सन्तान-कष्ट, वायु विकार हुने सम्भावना छ।

**मिथुन**
समय अनुकूल देखिँदैन। अपच, दिनचर्या अस्तव्यस्त, दौडधूप, परिवारमा विवाद हुन सक्छ।

**कर्कट**
तपाईंका लागि समय शुभ छ। पैसा प्राप्ति, सम्मान, उन्नति-प्रगति हुने सम्भावना देखिन्छ।

**सिंह**
समय शुभकारक देखिँदैन। धन नाश, मानसिक अस्थिरता, आँखामा समस्या आउन सक्छ।

**कन्या**
दिन शुभकारक छ। धन, कोसेली, पुरस्कार प्राप्ति तथा उत्तम भोजनको सम्भावना छ।

**तुला**
सजग रहनु बेस होला। अस्वस्थता, इष्टमित्रसँग विवाद, चोटपटक नहोला भन्न सकिन्न।

**वृश्चिक**
तपाईंका लागि समय शुभ भएकाले लाभ, मिष्ठान्न भोजन, द्रव्य प्राप्ति हुन सक्छ।

**धनु**
समय शुभ भएकाले सुख-सन्तोष, कार्य सिद्धि, शारीरिक निरोगिता, क्षमता वृद्धि होला।

**मकर**
दिन त्यति शुभ देखिँदैन। राज्यबाट भय, अपयश, व्यवसायमा अवरोध आउन सक्छ।

**कुम्भ**
रोगको भय, बाधा-व्यवधान, धन हानि हुन सक्ने भएकाले सजगता अपनाउनु बेस हुनेछ।

**मीन**
तपाईंका लागि समय बलवान् छ। धन लाभ, समस्या समाधान, पठनपाठनमा सफलता होला।

**PHAKPHOKTHUM RURAL MUNICIPALITY**
**Office of Rural Municipal Executive**
**Aamchok, Ilam**
**Koshi Province, Nepal**

**Invitation for e-Bids**

**Date of Publication 2082.07.02 (19 Oct.2025)**

1. Phakphokthum Rural Municipality invites electronics bids from eligible bidders for the following contract works under National Competitive Bidding Procedures.

| S. N | Contract No. | Description of works | Estimated Amount | Bid Security Amount (NRs.) | Fee for bid documents (NRs.) | Last date for bid submission | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | PRM/ILAM/WORKS/ NCB/03/082/083 | Upgrading Of Pasal Kolbote Saptin Sadak | 1,00,13,558.51 | 2,50,000 | 3000 | 2025-11-18 12:00 Noon Hrs | 2025-11-18 13:00 PM Hrs | Single Stage Single Envelope |
| 2 | PRM/ILAM/WORKS/ NCB/04/082/083 | Upgrading Of Antaredada Jalapa Kaijale Sadak | 1,00,63,780.55 | 2,50,000 | 3000 | 2025-11-18 12:00 Noon Hrs | 2025-11-18 13:00 PM Hrs | Single Stage Single Envelope |

2. Bidders may download the bidding documents and submit their bids electronically through e-Procurements at www.bolpatra.gov.np /egp PPMO’s portals specified in the bid data sheet. Bidders should deposit the equivalent fee for bidding documents in the respective Revenue Account Number ( 068010040000005 – Phakphokthum ga.pa Aantarik Rajswa Khata ) and for the bid security (dharauti ) bidders can deposit in 068010020000011 – ga 3 sthaniya tatha dharauti khata) in Sanima Bank ltd Phakphokthum Ilam . Bids shall be valid for as mention above from the last date of submission of bids.
3. According to the provincial Finance Act Royalty Will be levied for the use of local materials.
4. For further details, Please visit our website www.phakphokthummun.gov.np or notice board of Phakphokthum Rural Municipality, office of Rural Municipal Executive.

**Chief Administrative Officer**

**भगवतीमाई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**वेस्तडा, दैलेख, कर्णाली प्रदेश, नेपाल**

**शिलवन्दी बोलपत्रको आह्वानको सूचना**

**सूचना नं. १०/खरिद इकाई**
**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०७/०२)**

भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, दैलेख यस गाउँपालिका अन्तर्गत देहायको आयोजना सञ्चालन गर्नु पर्ने भएकोले ई-बिड मार्फत रितपूर्वकको शिलवन्दी बोलपत्र आह्वान गर्दछ ।

| ठेक्का नं. | कामको विवरण | बोलपत्र फाराम दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|
| BRM/BCW/NCB/02/2082/083` | ६ नं. वडा कार्यालय भवन निर्माण कार्य | ३,०००.०० | ४,५०,०००. ०० |

**बोलपत्र पेश गर्ने, खोलिने अन्तिम म्याद र बोलपत्र जमानतः**

| बोलपत्र पेश गर्ने अन्तिम मिति | | बोलपत्र खोलिने मिति | | बोलपत्र फाराम खरिदको लागि बैंक खाता | | | | बोलपत्र जमानत दाखिला गर्ने बैंक खाता | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| मिति | समय | मिति | समय | खाताको नाम | खाता नम्बर | बैंक र शाखा | राजस्व शीर्षक | खाताको नाम | खाता नम्बर | बैंक र शाखा |
| २०८२/०८/०३ गते | १२:०० बजे भित्र | २०८२/०८/०३ गते | २:०० बजे | GA:1.1 BHAGAWATIMAI GA.PA. ANTARICK RAJASHWO KHATA | 15101093 28800091 | प्रभू बैंक भगवतीमाई शाखा | १४२२९ | GA:3 BHAGAWATIMAI GA.PA. STHANIYA TAHA DHARAUTI KHATA | 15101093 28800041 | प्रभू बैंक भगवतीमाई शाखा |

थप जानकारीको लागि मोवाईल नं. ९८५८०२०८९९/९८५८०२०७९९ सम्पर्क राख्नुहोला । विस्तृत सूचनाको लागि भगवतीमाई गाउँपालिकाको कार्यालय दैलेखको वेवसाइट www.bhagawatimaimun.gov.np वा खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# डेडिकेटेड र ट्रंकलाइनको बक्यौता विवाद फेरि पेचिलो

**नेपाल समाचारपत्र, काठमाडौं**

नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड र ट्रंकलाइनबाट बिजुली उपभोग गर्ने उद्योगहरूलाई बक्यौता बुझाउन दिएको समयसीमा सकिनै लाग्दा केही उद्योगले किस्तामा रकम तिर्न थालेका छन्। प्राधिकरणले दिएको म्याद आइतबार (कात्तिक २ गते) सकिँदै छ। गर्दा बारा, परासी र रोल्पाका उद्योगहरूले किस्ता सुरु गरेका छन्।

प्राधिकरणका अनुसार सिमरास्थित हुलास स्टिल इन्डस्ट्रीजले २०७२ माघदेखि २०७५ वैशाखसम्मको १४ करोड १२ लाख रुपियाँ बक्यौता रकम किस्ताबन्दीमा तिर्न सुरु गरेको छ। उद्योगले मासिक ५० लाख ४३ हजार रुपियाँका दरले २८ किस्तामा रकम बुझाउने स्वीकृति पाएको छ।

यसैगरी, सिमराकै अशोक स्टिलले पनि १७ करोड ५८ लाख रुपियाँ बक्यौता रकमको पहिलो किस्ता बुझाएको छ। सो उद्योगले २८ किस्ताको सुविधा लिई पहिलो किस्ताबापत ६३ लाख रुपियाँ तिरेको छ। हालसम्म सम्राट सिमेन्ट, रोल्पा सिमेन्ट, नव नेपाल प्लास्टिक इन्डस्ट्रीज, लक्ष्मी स्टिल र सर्वोत्तम सिमेन्ट लगायतका उद्योगहरूले पनि किस्ताबन्दीको सुविधा लिई रकम बुझाउने प्रक्रिया अघि बढाएका छन्।

सम्राट सिमेन्टले ३ करोड ७७ लाख रुपियाँ बक्यौता रकममध्ये तीन किस्ताको ४० लाख ४७ हजार रुपियाँ एकैपटक बुझाएर जेठसम्मको किस्ता चुक्ता गरेको छ भने बाँकी ५३ लाख ९६ हजार रुपियाँ तिर्न पत्राचार भइसकेको छ। रोल्पा सिमेन्टले पनि पाँच किस्ताको १७ लाख ७० हजार रुपियाँ एकैपटक बुझाएर नियमित किस्ता तिर्ने प्रतिबद्धता जनाएको छ।

यस्तै, नव नेपाल प्लास्टिक इन्डस्ट्रिजले १२ किस्ताको १ लाख २३ हजार रुपियाँ तिरेर बक्यौता रकम चुक्ता गरेको छ। परासीस्थित लक्ष्मी स्टिलले ४ लाख ९ हजार रुपियाँ, सर्वोत्तम सिमेन्टले ४० लाख रुपियाँ तिरेर किस्ता सुचारु गरेका छन्।

प्राधिकरणले कात्तिक २ गतेसम्म बक्यौता नतिरे लाइन काट्ने चेतावनी दिएपछि २६ उद्योगीले प्रधानमन्त्री सुशीला कार्कीलाई सामूहिक ज्ञापनपत्र बुझाएका छन्। उनीहरूले महसुलमा छुट मागेको नभई "प्रमाणका आधारमा सम्पूर्ण रकम तिर्न तयार" रहेको उल्लेख गरेका छन्।

२०६० सालपछि सुरु भएको विद्युत् अभावका बीच सरकारले २०६९ सालमा अत्यावश्यक वस्तु तथा सेवा आपूर्ति नरोकिने गरी 'डेडिकेटेड लाइन' दिने नीति लिएको थियो। २०७२ सालमा प्राधिकरणको सञ्चालक समितिले डेडिकेटेड लाइनबाट बिजुली लिने उद्योगहरूबाट 'प्रिमियम महसुल' लिने निर्णय गरेको थियो, जुन निर्णय विद्युत् महसुल निर्धारण आयोगले पनि सदर गरेको थियो। तर, २०७३ सालमा 'ट्रंकलाइन' प्रयोग गर्ने उद्योगहरूलाई पनि २० घण्टाभन्दा बढी बिजुली खपत गरेमा डेडिकेटेड सरह शुल्क तिर्नुपर्ने निर्णय गरियो। तर, सो अवधिमा बिल पठाइएन, दुई वर्षपछि अर्थात् २०७५ चैतमा प्राधिकरणले एकैपटक बक्यौता बिल पठाएपछि उद्योगीहरूले विरोध जनाए। उनीहरूले "डाटा डाउनलोड नगरी पछिल्लो हिसाबमा बिल पठाइएको" भन्दै असहमति जनाएका थिए।

यहींबाट 'डेडिकेटेड-ट्रंकलाइन' विवाद सुरु भएको हो, जुन एक दशकपछि पनि समाधान हुन सकेको छैन।

प्राधिकरणका अनुसार ३४ उद्योगको नाममा जरिवानाबाहेक ६ अर्ब ४० करोड ९२ लाख रुपियाँ बक्यौता बाँकी छ। यद्यपि अधिकांश साना उद्योगी बक्यौता तिर्न तयार भए पनि केही ठूला उद्योगीले राजनीतिक पहुँच देखाएर बाँकी उद्योगहरूलाई रोकिरहेको आरोप छ।

### उद्योग र बक्यौता विद्युत् महशुल

| क्र.स | उद्योगको नाम | जरिवानाबाहेकको बक्यौता (रूपियाँमा) |
|---|---|---|
| १ | बाबा जुट मिल्स | २,४९,२६,५४९ |
| २ | रघुपति जुट मिल्स | ८,५१,४०,३७५ |
| ३ | रिलायन्स स्पिनिङ मिल्स | ७५,३६,८४,३३५ |
| ४ | निगाले सिमेन्ट | ५,८१,१८,००८ |
| ५ | अरिहन्त मल्टिफाइवर | ११,५२,९६,२७९ |
| ६ | अरिहन्त पोलिप्याक | ६,६२,४७,०५० |
| ७ | मारुती सिमेन्ट | ५७,४४,७९,४९३ |
| ८ | त्रिवेणी सिन्थेटिक यार्न इण्डस्ट्रिज | ४,३९,८३,१७९ |
| ९ | हिमाल आइरन एण्ड स्टील | १३,६५,०१,९०२ |
| १० | त्रिवेणी स्पिनिङ मिल्स | ३२,०९,८६,७९३ |
| ११ | जगदम्बा स्टील | १,६०,१८,४३,१२५ |
| १२ | अशोक स्टील | १७,५८,१४,४०६ |
| १३ | हुलास स्टील | १४,१२,०५,८६२ |
| १४ | हामा आइरन | ५,८५,१७,९३६ |
| १५ | एभरेष्ट पेपर मिल | ९,४४,२१,४९६ |
| १६ | कसमस सिमेन्ट | ९,७७,२५,५१५ |
| १७ | युनाइटेड सिमेन्ट | ११,३६,८३,९०९ |
| १८ | अर्घाखाँची सिमेन्ट | ४४,८४,३२,५७३ |
| १९ | विशाल सिमेन्ट | ३,३५,२५,९१५ |
| २० | एभरेष्ट रोलिङ मिल्स | १७,५७,८०९ |
| २१ | जगदम्बा सिन्थेटिक | २०,५०,४३,९८९ |
| २२ | एसआर फुड्स | १,४८,५४,८९२ |
| २३ | घराना फुड्स | १,८७,६९,३५३ |
| २४ | सिद्धार्थ पेटप्लास्ट | १,८२,८६,३३३ |
| २५ | गोयन्का फुड्स | १,४७,६७,३१९ |
| २६ | भलवारी स्वचालित कारखाना | २९,९३,६४५ |
| २७ | श्याम प्लास्टिक उद्योग | ४९,०९,६७७ |
| २८ | पञ्चकन्या प्लाष्टिक इण्डष्ट्रिज | २४,६३,८७६ |
| २९ | पञ्चकन्या स्टील | ५२,१९,३६२ |
| ३० | एसआर स्टील इन्डष्ट्रिज | १६,२४,५९७ |
| ३१ | बुटवल सिमेन्ट | १८,४५,४९,४८१ |
| ३२ | लक्ष्मी स्टील | २३,७९,३१,०३७ |
| ३३ | सोनापुर मिनरल्स एण्ड आयल | २४,२९,९९,२७३ |
| ३४ | घोराही सिमेन्ट | ५०,८५,३५,३४१ |
| **जम्मा** | | **६,४०,९२,४०,७०१** |

स्रोत : नेपाल विद्युत् प्राधिकरण

# निजी आवास पुनर्निर्माण गर्न सवा २२ अर्ब आवश्यक

**नेपाल समाचारपत्र, काठमाडौं**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिले निजी आवास पुनर्निर्माण र पुन:स्थापनाका लागि करिब २२ अर्ब २४ करोड रुपियाँ आवश्यक पर्ने अनुमान गरेको छ। प्राधिकरणका अनुसार ८२ हजार ८०० घर पुनर्निर्माण र पुन:स्थापनाको लागत अनुमान गरिएको हो।

बैठकमा विपद् व्यवस्थापन कोषको रकम परिचालन गरी भूकम्प र मनसुनबाट प्रभावित आवास पुनर्निर्माण, प्रवलीकरण तथा पुन:स्थापना कार्यक्रम कार्यान्वयनबारे छलफल गरिएको थियो। भूकम्पपीडितका लागि २० अर्ब ८८ करोड, मनसुनपीडितका लागि एक अर्ब तीन करोड, प्राविधिक सहयोगका लागि २८ करोड र जनशक्ति एकाइका लागि पाँच करोड आवश्यक पर्ने उल्लेख गरिएको छ।

प्राधिकरणका अनुसार आर्थिक वर्ष २०८१/८२ मा विपद् व्यवस्थापन कोषमा संकलित दुई अर्ब ८७ करोड ६४ लाख रुपियाँ बाँकी रहेको छ, जसबाट १० हजार ५०० परिवारका लागि पुनर्निर्माण कार्यक्रम सञ्चालन गरिनेछ। यसका अतिरिक्त, अर्थ मन्त्रालयले १८ हजार ५०० परिवारका लागि पाँच अर्ब रुपियाँ उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ। प्राधिकरणका अनुसार ५३ हजार ८०० घर पुनर्निर्माणका लागि १४ अर्ब ३४ करोड रुपियाँ आवश्यक पर्नेछ।

बैठकमा अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१ संशोधनबारे पनि छलफल गरिएको थियो। सो अनुसार, लाभग्राहीले पहिलो किस्तामा २५ हजार रुपियाँ र अन्तिम किस्तामा पनि २५ हजार रुपियाँ पाउनेछन्। साथै, सम्झौता भएपछि ९० दिनभित्र अस्थायी आवास निर्माण सम्पन्न गर्नुपर्ने प्रावधान थप गरिएको छ।

त्यसैगरी, बैठकले ताप्लेजुङको मैवाखोला गाउँपालिका-३ र ४ का ओदक, एकबाँसे र ताम्राङ बस्तीका ६५ परिवारलाई सोही गाउँपालिकाको साँघु क्षेत्रमा स्थानान्तरण गर्ने निर्णय गरेको छ।

# ३ महिनामा १८ प्रतिशत मात्र बजेट खर्च

**काठमाडौं, (नेस)**

चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो तीन महिनामा सरकारले कुल बजेटको करिब १८ प्रतिशत मात्र खर्च गरेको छ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार असोज मसान्तसम्म सरकारको कुल खर्च तीन खर्ब ६४ अर्ब ५८ करोड ९४ लाख रुपियाँ पुगेको छ, जसले वार्षिक विनियोजनको १८ दशमलव ५६ प्रतिशत प्रतिनिधित्व गर्छ। यस आर्थिक वर्षका लागि सरकारले कुल १९ खर्ब ६४ अर्ब ११ करोड रुपियाँको बजेट ल्याएको थियो।

खर्च शीर्षकअनुसार हेर्दा, चालु खर्च वार्षिक विनियोजनको २१ दशमलव ७५ प्रतिशत अर्थात् दुई खर्ब ५६ अर्ब ८० करोड ६० लाख रुपियाँ रहेको छ। पुँजीगत खर्च भने निकै सुस्त देखिएको छ। वार्षिक विनियोजनको केवल चार दशमलव सात प्रतिशत अर्थात् १९ अर्ब १८ करोड ३४ लाख रुपियाँ मात्र खर्च भएको छ। त्यसैगरी वित्तीय व्यवस्था शीर्षकमा २३ दशमलव ६१ प्रतिशत अर्थात् ८८ अर्ब ६० करोड बराबर खर्च भएको छ।

यस अवधिमा राजस्व सक्रलन पनि सुस्त रहेको छ। सरकारको वार्षिक राजस्व लक्ष्य १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख रुपियाँ रहेकामा असोज मसान्तसम्ममा दुई खर्ब ५३ अर्ब १८ करोड ७९ लाख रुपियाँ मात्र उठाइएको छ, जुन वार्षिक लक्ष्यको १६ दशमलव ५१ प्रतिशत हो।

आन्तरिक राजस्वतर्फ १४ खर्ब ८० अर्ब रुपियाँ उठाउने लक्ष्य रहेकामा हालसम्म दुई खर्ब ४९ अर्ब पाँच करोड १४ लाख अर्थात् १६ दशमलव ८३ प्रतिशत मात्र संकलन भएको छ। त्यस्तै, वैदेशिक अनुदानको पक्षमा पाँच खर्ब ४४ करोड ६९ लाखको लक्ष्य रहेकामा अहिलेसम्म तीन दशमलव ७६ प्रतिशत अर्थात् दुई अर्ब ७२ लाख रुपियाँ मात्र प्राप्त भएको छ। यसरी चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिसम्म खर्च र राजस्व दुवै सुस्त गतिमा अगाडि बढेको देखिएको छ।

# सहकारी दर्ता अब प्राधिकरणमार्फत

**काठमाडौं, (नेस)**

राष्ट्रिय सहकारी नियमन प्राधिकरणले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूका लागि दर्ता प्रक्रिया कडाइका साथ अनिवार्य गरेको छ। प्राधिकरणले 'बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२' संशोधन गरी नयाँ प्रावधान लागू गरेको हो।

संशोधित मापदण्डअनुसार अब संघ, प्रदेश र स्थानीय तहमा सञ्चालित बचत तथा ऋणमुखी सहकारी संस्था सबैले प्राधिकरणमा दर्ता अभिलेखीकरण गर्नुपर्नेछ। सहकारीहरूले आवश्यक विवरण विद्युतीय प्रणालीमार्फत प्रविष्ट गर्नुपर्ने व्यवस्था गरिएको छ।

प्राधिकरणले दर्ता अभिलेखीकरणका लागि आह्वान गरेपछि सहकारी संस्थाले ६० दिनभित्र आफ्नो सम्पूर्ण विवरण विद्युतीय प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ। विशेष अवस्थाहरूमा प्राधिकरणले समयावधि थप गर्न सक्नेछ। दर्ता अभिलेखीकरणको दस्तुर तोकिएको बैंक खातामा जम्मा गरी त्यसको भौचरप्रति पनि प्रणालीमा राख्नुपर्नेछ।

दर्ता प्रक्रिया पूरा भएपछि प्राधिकरणले सहकारी संस्थालाई विद्युतीय प्रणालीमार्फत सञ्चालन इजाजतपत्र जारी गर्नेछ। तर संघ, प्रदेश वा स्थानीय सरकारले समस्याग्रस्त घोषणा गरेका र कारबाहीको चरणमा रहेका सहकारी संस्था दर्ता प्रक्रियामा समावेश गरिने छैनन्।

प्राधिकरणको अनुमति बिना बचत तथा ऋण कारोबार गर्ने सहकारीलाई प्रचलित कानुनी प्रावधानअनुसार कारबाही गरिनेछ। इजाजत प्राप्त सहकारी संस्थाले हरेक वर्षको श्रावण मसान्तभित्र इजाजतपत्र नवीकरण गर्नुपर्नेछ। प्राधिकरणले आवश्यकताअनुसार थप विवरण माग गर्ने वा मापदण्डमा संशोधन गर्ने अधिकार राखेको छ।

# सरकारको करोडौं लगानी होमस्टेमा खेर, अधिकांश बन्द

**अमृत अर्याल, स्याङ्जा**

गण्डकी प्रदेश सरकारले ग्रामीण पर्यटन प्रवर्द्धनका नाममा गरेको करोडौं रुपियाँको लगानी 'बालुवामा पानी' बनेको छ। पर्यटन मन्त्रालय मातहतको उद्योग, पर्यटन तथा वाणिज्य उपभोक्ता हित संरक्षण निर्देशनालयमार्फत गत सात वर्षमा स्याङ्जामा स्थापना गरिएका अधिकांश होमस्टे (घरबास) हाल बन्द भएका छन्।

आर्थिक वर्ष २०७५/०७६ देखि लागू गरिएको 'होमस्टे सञ्चालन कार्यविधि-२०७५' अनुसार सञ्चालनमा ल्याइएका होमस्टेहरू स्वरोजगार सिर्जनाद्वारा ग्रामीण समृद्धिको नमुना बन्ने अपेक्षा थियो। तर, मन्त्रालयको अनुदान लिनकै लागि मात्रै दर्ता भएका धेरै होमस्टे केही वर्षमै बन्द भएपछि राज्यको ठूलो लगानी निष्प्रभावी बनेको छ।

पर्यटन मन्त्रालयका तथ्यांकअनुसार स्याङ्जामा होमस्टे प्रवर्द्धनका लागि प्रदेश सरकारले छ वर्षमा ६ करोड ४ लाख ७३ हजार ८ सय ३५ रुपियाँ अनुदान वितरण गरेको थियो। आर्थिक वर्ष २०७५/०७६ मा - ४ करोड ८९ लाख ६२ हजार ५ सय रुपियाँ, २०७६/०७७ मा - १७ लाख ७६ हजार ५ सय ५० रुपियाँ, २०७७/०७८ मा - ३१ लाख ५८ हजार ७ सय ५३ रुपियाँ, २०७८/०७९ मा ४ लाख २५ हजार २ सय २६ रुपियाँ, २०७९/०८० मा - ४१ लाख ५३ हजार २ सय ५९ रुपियाँ, २०८०/०८१ मा - १९ लाख ९७ हजार ५ सय ४७ रुपियाँ, यी रकमहरूबाट होमस्टेका लागि सामुदायिक भवन, गोलघर, शौचालय, शयनकक्ष र बेड-बिस्तारा निर्माण गरिएको थियो। तर हाल ती संरचनाहरू केहीमा गोठको रूपमा प्रयोग हुने, केही धमिराले बिगारेका र कतिपय पूर्णरूपमा जीर्ण अवस्थामा रहेका छन्।

मन्त्रालयका स्रोतका अनुसार आवश्यकता र सम्भावनाभन्दा पहुँच र सम्बन्धका आधारमा अनुदान वितरण गरिएकोले परिणाम सन्तोषजनक देखिएन। अनुदान लिएर सञ्चालनमा आएका धेरै होमस्टेले सम्झौताअनुसार काम नगर्दा कार्यक्रम असफल भएको बताइन्छ।

स्याङ्जाका होमस्टेहरूमध्ये गल्याङ नगरपालिकाका १७, पुतलीबजारका ८, वालिङका ७, फेँदीखोलाका ५, आँधीखोला र कालीगण्डकीका क्रमश: ४ र ३, भीरकोटका २, अर्जुनचौपारी, बिरुवा, चापाकोट र हरिनाश गाउँपालिकाका एक-एक होमस्टेले अनुदान लिएका थिए। तीमध्ये धेरै अहिले पूर्णरूपमा बन्द छन्।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित । कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं । पोबनं २०४५ । फोनः ५३६११७९ । फ्याक्सः ४३१८९९०। Email: nepalsamacharpatra@gmail.com । प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ । सम्पादकः सागर पण्डित